# बीमा समाचार र विचार

बीमा समिति
BEEMA SAMITI
Insurance Regulatory Authority of Nepal










२०७५ आषाढ

# फोटो ग्यालरी


बीमा समितिको ५० औं
वार्षिकोत्सवको अवसरमा आयोजित
स्वर्ण महोत्सव समारोह- २०७५
मिति : २०७५ जेठ १ गते मंगलबार
स्थान : होटल मल्ल, लैनचौर, काठमाडौं ।
बीमा समिति
कुपण्डोल-१०, ललितपुर ।











**संरक्षक**

श्री चिरञ्जीवी चापागाँई

अध्यक्ष

**सल्लाहकार**

श्री राजु रमण पौडेल, निर्देशक,

श्री भोजराज शर्मा, बीमा विज्ञ/सल्लाहकार,

**सम्पादक समूह**

श्री निर्मल अधिकारी, उप निर्देशक,

श्री गोपाल पंगेनी, चार्टर्ड एकाउन्टेण्ट,

श्री विरोध वाग्ले, चार्टर्ड एकाउन्टेण्ट,

श्री पुनम झवाली श्रेष्ठ, सहायक निर्देशक,

श्री राजेन्द्र महर्जन, सहायक निर्देशक,

श्री हृदयश्वर पण्डित, सहायक निर्देशक

श्री मिलन राज नेपाली, सूचना प्रविधि अधिकृत



**प्रकाशक**

**बीमा समिति**

कुपण्डोल, ललितपुर

फोन नं. ९७७ १ ५५३८७४३, ५५२१०७९

फ्याक्स नंः ९७७ १ ५५२०११९

वेवसाइटः www.bsib.org.np

इमेलः news@nib.gov.np

info@bsib.org.np

# सम्पादकीय

बीमा समितिले आफ्नो स्वर्ण महोत्सव भर्खरै मात्र मनाएको छ । स्वर्ण महोत्सव मनाउदै गर्दा बीमा समाचार र विचार परिवार अत्यन्त खुशी महसुस गर्दै समितिलाई विशेष शुभकामना व्यक्त गर्दछ । अर्थमन्त्रीज्यूको विशेष उपस्थिती र समितिका अध्यक्षज्यूको सभापतित्व रहेको स्वर्ण महोत्सवमा अर्थमन्त्री ज्यू र समितिका अध्यक्षज्यूले बीमाको पहुँचमा विशेष जोड दिदै सम्बद्ध सबैलाई सो को लागि प्रयत्न गर्न निर्देशन दिनु भयो । हाम्रो छिमेकि मुलुकहरू चिन र भारतको कूल ग्राहस्थ उत्पादनमा बीमाको योगदान क्रमसः ४.७७ प्रतिशत र ३.४९ प्रतिशत रहेकोमा नेपालको मात्र २.०३ प्रतिशत रहेको अवस्था छ। केही वर्ष भित्रमा नै कम्तिमा पनि छिमेकी मुलुकहरूको हाराहारीमा आफुलाई उभ्याउनको लागि बीमा समिति, बीमकहरू र अन्य बीमा सम्बद्ध व्यक्ति तथा संस्थाहरू सबै एक ढिक्का भएर बीमाको दायरा विस्तार गर्न तर्फ अग्रसर हुनुपर्ने देखिन्छ । बीमा क्षेत्रको गुणात्मक बृद्धि तथा बिकासको लागि अव सर्प जस्तो घस्रेर हुदैन खरायो जस्तो दौडिन सबै तयार हुनुपर्छ।

स्वर्ण महोत्सवका अवसरमा अर्थमन्त्रीज्यूबाट बीमालाई आयतमुखी होइन निर्यातमुखी बनाउन पर्छ भन्ने धारणा ब्यक्त भएको थियो । सो को लागि नेपाली बीमकहरूको जोखिम धारण क्षमता अभिबृद्धी गर्नु पर्दछ। साथै नेपाल पुनर्बीमा कम्पनीले पनि आफ्नो क्षमता तथा भूमिका वृद्धि गर्नु पर्छ। समितिबाट बीमकहरूको क्यापिटल पुँजी बढाउने निर्णय संगै जीवन तथा निर्जीवन बीमकहरूको चुक्ता पूंजी क्रमश रू. २ अर्ब र रू. १ अर्ब पुग्ने प्रक्रियामा छ। यसले गर्दा बीमकहरूको क्षमता अबस्य बढ्ने छ । साथै बीमकहरू आफ्नो आन्तरिक क्षमता अरू वृद्धि गरी नेपाली बीमा बजारलाई निर्यातमुखी बनाउने तर्फ अघि बढ्नु पर्ने हुन्छ ।

हालै नेपाल सरकारले सम्बृद्ध नेपाल, सुखी नेपालीको दिर्घकालिन उदेश्य राखेर आफ्नो नीति तथा कार्यक्रम सार्बजनिक गरेको छ । सो कार्यक्रममा वित्तीय क्षेत्रका नियामक निकायहरूको क्षमता वृद्धि गरी नियमन तथा सुपरिवेक्षण प्रभावकारी बनाइने उल्लेख छ । सरकारले आफ्नो नीति तथा कार्याक्रममा उच्च दरको आर्थिक वृद्धि हासिल गर्ने, सन्तुलित र सुदृढ अर्थतन्त्र निर्माण गर्ने, स्वस्थ र सक्षम जनशक्ति निर्माण गर्ने, रोजगारी सिर्जना गर्ने लगायतका लक्ष्य राखेको छ । सो लक्ष्य प्राप्तीका लागि बीमा क्षेत्रले पनि आप् ऽनो ठाउँ बाट उलेख्य योगदान गर्न सक्नु पर्दछ ।

जोखिममा आधारित नियमन अबलम्बन गर्ने दिशामा समिति अघि बढेको छ। साथै आगामी आ. व. को सुरूमा नै समितिले नयाँ जनशक्ति प्राप्त गर्दै छ । यस संगै समितिको निरिक्षण र सुपरिवेक्षण भूमिका थप ब्यबस्थित र प्रभावकारी हुने छ । समिति, बीमकहरू र बीमा सम्बद्ध अन्य व्यक्ति तथा सँस्था सबैले आफ्नो क्षमता बृद्धी गरी प्रभावकारी रूपमा आगाडी बढ्दा अबस्य नै आगामी केहि वर्षमा बीमा क्षेत्रले गुणात्मक फड् को मार्नेछ ।

**सम्पादक समूह**
**बीमा समिति**

नोटः यस पत्रिकामा छापिएका लेख रचना लेखकका निजी बिचार हुन् ।

# A proactive regulator bodies well for the market



*In this exclusive interview with Mr Chiranjibi Chapagain, Chairman of the Beema Samiti (Insurance Board), he shares with us what he has done so far since he came on board in Jan 2017 and his thoughts and plans going forward. By Jimmy John*

Mr. Chiranjibi Chapagain took over as Chairman of the Beema Samiti (Insurance Board) on 11 January 2017, through a Cabinet appointment by the Govern- ment of Nepal. While he found the initial days of his tenure challenging, as this was a new experience for him, having previously worked in the bank- ing sector, but within a few months, he had prioritised his goals and was working to execute them one by one.

**New licences issued**

First on his list were the applications for a licence to operate, from 12 life insurers and four non-life insurers, which had been pending for over a decade and Mr Chapagain decided to act on this urgently.

"We formulated new regulations on registration of insurance companies and the capital requirements for the life and non-life insurers were increased by four-folds to NPR2 billion (US$19 mil- lion) and NPR1 billion (US$9.6 million), respectively," said Mr Chapagain.

Based on these new regulations, operating licences were granted to nine new life insurers and letters of intent were issued to three non-life insurers, requesting them to fulfil all criteria set by the regulator before granting them the licences to operate. The Board will only consider issuing further licences in the future after a detailed study on the market conditions and other related factors are done.

**Further new initiatives**

Apart from clearing the l icences for new insurance companies, the regulator had to also deal with the supervisory aspect of the industry in a more efficient and quick manner.

"Our focus was on recruiting more staff and to build and strengthen capacity of the Insurance Board," Mr Chapagain said.

The Insurance Board is also keen to develop capacity in the market and plans to set up a research and training centre within the umbrella of the regulatory body and would include insurance com- panies. He said: "We are also revising the corporate governance directives as per the demand of the industry players and in line with the Banking and Finance Act of the country."

**Insurance awareness drive**

The Insurance Board is planning a mass awareness drive in coordination with insurers across the country.

Mr Chapagain said: "We will con- duct insurance literacy programmes through various media channels like radio, TV, newspapers and lectures in rural areas."

Apart from this, the regulator is also publishing and distributing various insurance related materials and also persuading educational institutes to include insurance as a subject in the school and university levels.

Insurance companies are now al- lowed to spend 1.5% of their total premiums in advertising, business promotion and other marketing initia- tives. Out of that amount they must spend at least 25% in various awareness programmes, which the regulator feels will also help to create insurance awareness among the general public.

**Low cost insurance products**

Mr Chapagain also believes that mi- croinsurance has huge potential in the country and must be given priority by the industry. He has encouraged non-life insurers to form a pool with seed money contribution from each company and to launch microinsur- ance products with the support of microfinance companies.

"As per our microinsurance direc- tives, these microfinance companies must be licenced by the Central Bank and have a country-wide presence," he said. The regulator has also eased the rules on payment of incentives to microfinance institutions in order for them to work on bancassurance models in promoting microinsurance.

**Economic growth to drive insurance sector**

Nepal is following a path of economic development with a number of major infrastructure projects in the pipeline across the country. Any economic ac- tivity will also benefit the insurance industry and so Mr Chapagain believes that the future of the insurance indus- try in Nepal is very bright.

With only a 2% contribution to the country's GDP currently, there is huge potential for the development of the insurance sector. "Taking this into consideration, the Insurance Board finalised the licencing pro- cedure and the increment of capital of insurance companies which will create a healthy and competitive in- surance market as well as effective and quality services," Mr Chapagain said.

*Source: December 2017 | Asian Insuracne Review*

# विषय सूची


| क.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | अन्तर्राष्ट्रिय समाचार | १ |
| २. | राष्ट्रिय समाचार | २ |
| ३. | समितिबाट जारी भएका निर्देशिकाहरूमा भएका संशोधनहरू | ५ |
| ४. | जीवन बीमा व्यावसाय गर्ने बीमा कम्पनीहरूको २०७४ ........... | १० |
| ५. | निर्जीवन बीमा व्यावसाय गर्ने बीमा कम्पनीहरूको २०७४ ........... | ११ |


**लेख रचना खण्ड**


| | | |
|---|---|---|
| ६. | सम्पत्ति शुद्धिकरण निवारणमा बीमा क्षेत्रको भूमिका | १३ |
| ७. | लघु बीमालेख | १७ |
| ८. | Insurance: ATool to Manage.... | २० |
| ९. | Doctrine of Proximate Cause. | २३ |
| १०. | भुकम्पको पीडा - कविता संग्रह | २६ |
| ११. | बीमा एक अजम्बरी बुटी - कविता संग्रह | २७ |
| १२. | जान्नै पर्ने बुझ्नै पर्ने - कविता संग्रह | २८ |
| १३. | बीमा अभिकर्ताको आचार संहिता | २९ |
| १४. | सर्भेयरको आचार संहिता | ३० |
| १५. | समितिबाट इजाजत पत्र लिई सञ्चालनमा रहेका बीमा कम्पनीहरूको विवरण | ३२ |

# बिश्व बीमा बजारः

## ७६% वृद्धि एशिया क्षेत्रमा

जापान इतरका एशियाली मुलुकहरूले बिश्व बीमा बजारमा भएको कुल प्रिमियम वृद्धिको ७६ प्रतिशत हिस्सा ओगेटेको छन् । यसरी भएको वृद्धि मध्ये लगभग दुई तिहाई हिस्सा चीन एक्लैको रहेको छ र एलियान्ज रिसर्च नामक एक संस्थाले गरेको अध्ययनले सो तथ्य प्रकाशमा आएको हो र उक्त अध्ययन अनुसार गत बर्ष सन् २०१७ मा बिश्व बीमा बजारमा अमिरकी डलर १५७ बिलियन प्रिमियम बृद्धि भएको थियो ।

जीबन बीमा तर्फ सन् २०१७ मा १४ प्रतिशतले प्रिमियममा बृद्धि भएको छ । यसरी बृद्धि भएको जीबन बीमा प्रिमियम अमिरकी डलर ७३ बिलियन मध्ये लगभग ८०५ हिस्सा चिनिया बजारको रहेको छ । एलियांज रिसर्च प्रमुख आर्थिक सल्लाहकार प्रोफेसर माइकल हेइसका अनुसार एशिया क्षेत्रमा भएको आशालाग्दो बृद्धिले मध्यम बर्गलाई बीमाको प्रमुख उपभोक्ताको रूपमा उभ्याएको छ ।

एलियान्ज रिसर्चले गरेको प्रक्षेपण अनुसार बिश्व बीमा बजारमा गत बर्ष अमिरकी डलर ४.२७ ट्रीलियन (स्वास्थ्य बीमा बाहेक) प्रिमियम संकलन भएको थियो जुन हाल सम्मकै सबै भन्दा बढी हो ।

*(श्रोतः एशिया इन्स्योरेन्स रिभ्यु')*

# चीनमा बैंक तथा बीमा नियामक निकायलाई मर्ज गरिदै

चिनिया बैंकिंग क्षेत्रको नियामक निकाय China Banking Regulatory Commission र बीमा क्षेत्रको नियामक निकाय China Insurance Regulatory Commission लाई मर्ज गरी एक सशक्त नियामक निकाय बनाउने प्रस्ताव गरिएको छ । चीनको विधायकी अंग नेशनल पीपुल्स कंग्रेसमा गत मार्च महिनामा पेश गरिएको स्टेट काउन्सिल रिफर्म प्लानमा यी निकायहरूको उद्देश्य तथा कामहरू, नियमन गर्दा जारी गरिने निर्देशकाहरूको प्रकृति उस्तै उस्तै भएकोले मर्ज गर्न आवश्यक भएको उल्लेख गरिएको छ । वित्तीय क्षेत्रको यो पुनर्संरचना सन् २००३ पछीको सबै भन्दा ठुलो संरचनागत परिवर्तन मानिएको छ ।

सन् १९९८ मा स्थापना गरिएको China Insurance Regulatory Authority ले २.७ ट्रीलियन अमेरीकी डलर बराबरको बीमा बजारलाई नियमन गरि रहेको छ भने झन्डै ४० ट्रीलियन अमेरीकी डलर बराबरको सम्पति र ४००० भन्दा बढी बैंकहरू रहेको बैंकिंग क्षेत्रलाई China Banking Regulatory Commission ले हाल नियमन गरिरहेको छ ।

(श्रोतः REUTERS News Agency)

## बीमा समिति ५० औं वर्षमा

बीमा समितिले आफ्नो स्थापनाको ५०औं वार्षिक उत्सव (स्वर्ण महोत्सव) यही जेठ ०१ गते होटल मल्ल लैनचौरमा एक कार्यक्रमको आयोजना गरी मनाएको छ । उक्त कार्यक्रमको उद्घाटन माननीय अर्थ मन्त्री डा. युवराज खतिवडाज्यूले गर्नु भएको थियो भने बीमा समितिका सञ्चालक समितिका सदस्यहरू, नेपाल राष्ट्र बैंकका गर्भनर, धितोपत्र बोर्डका अध्यक्ष, समितिका पूर्व अध्यक्षज्यूहरू, नागरिक लगानी कोषका कार्यकारी निर्देशक लगायत वित्तीय क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै प्रमुख अतिथि माननीय अर्थ मन्त्रीज्यूले बीमा सेवाको बढी आयात गरिरहेकोमा अब हामीले पुनर्बीमा मार्फत बीमा सेवालाई निर्यात पनि गर्न सक्नु पर्ने बताउनु भएको थियो । व्यापार घाटा कम गर्न पुनर्वीमा कम्पनीलाई बलियो बनाउनुपर्छ र यसलाई बलियो बनाउन नियामक निकाय र बीमा कम्पनीहरूले प्रभावकारी भूमिका खेल्नुपर्ने उल्लेख गर्नुभयो । हाम्रो मुलुकले धेरै थरीका सेवामा घाटा व्यहोरी रहेको हुँदा कमसेकम वित्तीय क्षेत्र नाफामा जानका लागि बीमा समितिले काम गनुपर्नेमा उहाँको जोड रहेको थियो । सीमावर्ती क्षेत्रमा विदेशी बीमा कम्पनीहरूको कारोबार असीमित रूपमा बढी रहेकोले सीमावर्ती क्षेत्रमा हाम्रा बीमा कम्पनी नपुग्ने तर विदेशीको बीमा कम्पनीहरू घर घरमा पुग्ने अवस्था छिटो अन्त्य गर्न समितिले १ वर्ष भित्र कार्ययोजना तयार गरेर अघि बढनुपर्ने कुरामा जोड दिनु भयो । सरकार लघु बीमामा प्रोत्साहित गरी रहने, बीमा कम्पनीका साथीहरू त्यति ध्यान नदिने, नियामक निकायले त्यसलाई फोर्स गर्न नसक्ने प्रथाको अन्त्य गरी लघु बीमाको दायरालाई बढाउनु पर्ने कुरामा जोड दिनु भयो ।

यसै क्रममा समितिका अध्यक्ष तथा कार्यक्रमका सभापति चिरञ्जीवी चापागाँईज्यूले बीमा समितिले बीमा क्षेत्रमा बीमितहरूको हकहितको लागि विगत साढे दुई दशक देखि सँस्थागत रूपमा नै कार्य गर्दै आइरहेको र हालैका दिनहरूमा अर्न्तराष्ट्रिय बीमा नियमनकारी निकाय International Association of Insurance Supervisors (IAIS) द्धारा प्रतिपादित बीमाका मुलभुत सिद्धान्तहरूलाई आत्मसात गर्दै बीमितको हितलाई केन्द्रमा राखेर नेपाली बीमा ब्यवसायलाई विकसित, नियमित, ब्यवस्थित र नियन्त्रित गर्ने कार्य गर्दै आइरहेको बताउनु भयो । उहाँले विगत एक वर्षमा समितिले सम्पादन गरेका मुख्य मुख्य कार्यहरू बारे प्रकाश पार्दै बीमा कम्पनीहरूको चुक्ता पुँजी बृद्धि, नयाँ बीमा कम्पनी दर्ता, बीमा क्षेत्रमा कार्यरत प्रमुख कार्यकारीहरूको तलव तथा भत्ता प्रदान गर्ने उद्देश्य सहित प्रमुख कार्यकारीहरूको तलव भत्ता तथा सुविधा निर्धारण, २०७४, विदेशी लगानीमा स्थापना भएका कम्पनीहरूको प्राविधिक सेवा सम्झौतालाई समय सापेक्ष रूपमा सुधार गर्ने मार्गदर्शन लागू गरिएको, कृषि बीमा गर्ने कृषकहरूलाई रू. २ लाख सम्मको दुर्घटना बीमा गर्ने कार्यलाई अनिवार्य गरिएको, न्यून आय भएको परिवारलाई बीमाको दायराभित्र ल्याउने उद्देश्य अनुरूप विगतमा जीवन बीमा तर्फ म्यादी लघु बीमा र सावधिक लघु बीमा गरी २ वटा र निर्जिवन बीमा तर्फ ग्राईस्थ, स्वस्थ्य, दुर्घटना र पशुपंक्षी र बाली बीमा गरी कुल ७ वटा बीमालेखहरू कार्यान्वयनमा ल्याइएको, अन्तरष्ट्रिय विकास नियोग (Department Of International Development-DFID) को सहयोगमा बीमा क्षेत्रमा संचालित १४ वटा कम्पनीहरूको Diagnostic Study भएको र उक्त अध्ययनले जीवन बीमातर्फ १९ र निर्जीवन बीमातर्फ २० वटा जोखिम सूचकांकहरू पहिचान गरी आगामी आर्थिक वर्षदेखि यिनै जोखिम सूचकाकंहरूमा आधारित रहेर अहिलेको Compliance Based सुपरिवेक्षण प्रणालीलाई जोखिममा आधारित (Risk Based) सुपरिवेक्षण प्रणालीमा विकसित गरी लागु गर्ने नीति अवलम्वन गरिने बताउनु भयो । त्यसै गरी बीमा समितिको क्षमता अभिबृद्धि गर्नको लागि बीमा समितिमा कर्मचारीहरूको दरबन्दी थप गरिएको, जोखिममा आधारित निरीक्षण गर्ने कार्यलाई प्राथमिकता प्रदान गर्ने नीति अवलम्वन गरिएको, बीमाका आधुनिक सिद्धान्तहरूलाई आत्मसाथ गर्ने गरी नयाँ विद्येयकको मस्यौदालाई अन्तिम रूप प्रदान गरिएको, बीमा क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने कार्यलाई अगाडि वढाउन सवै बीमा कम्पनीहरू र बीमा समितिको सहभागितामा प्रवर्द्धन कोष खडा गरी उक्त कोष मार्फत बीमा तालिम केन्द्र स्थापना गर्ने कार्य भईरहेको जानकारी गराउनु भयो ।

समितिका निर्देशक राजु रमण पौडेलले स्वागत मन्तव्य प्रस्तुत गर्नु हुँदै आजको दिनसम्म आइपुग्दा बीमा समितिले धेरै कठिनाईहरू पार गर्नु परेको बताउनु भयो । हाल बीमाले अर्थतन्त्रमा करीव १० प्रतिशत योगदान पुर्‍याउँदै आएकोमा यस आ.व.को अन्त सम्ममा ११ प्रतिशत योगदानसम्म पुर्‍याउने बताउनु भयो । स्वागत मन्तव्यकै क्रममा उहाँले नेपालका बीमा कम्पनीको व्यवसाय यस आ.व.को अन्त्यसम्ममा ७० अर्व पुग्ने बताउनु भयो । कृषि बीमा द्रुत गतिमा अगाडि बढीरहेको बताउदै नेपालमा कृषि बीमामा विगतको भन्दा उल्लेखनिय बृद्धि भएको जानकारी गराउनु भयो । न्यून आय भएका व्यक्तिमा बीमाको पहुँच पुर्‍याउन लघुबीमा मार्फत बीमा पुल खडा गरी कार्य प्रारम्भ गरिएको, बीमाको दावी भुक्तानीमा देखिएको समस्या सम्बन्धमा उहाँले वि.स. २०७२ सालमा आएको महाभुकम्पका कारण क्षति भएको सम्पत्तिको ९५% दावी भुक्तानी भएको जानकारी गराउनु भयो । सांस्कृतिक सम्पदाहरूको बीमा गर्ने भन्ने भनिएता पनि कार्यान्वयमा आउन नसकेको कुरा उल्लेख

गर्दै समिति एक्लैले सबै काम गर्न सम्भव नभएको हुँदा सरकार र सरोकारवालाहरूको सहयोगको अपेक्षा राखेको कुरा उल्लेख गर्नु भएको थियो ।

कार्यक्रममा विशेष अतिथिको रूपमा उपस्थित नेपाल राष्ट्र बैंकका गर्भनर डा. चिरञ्जीवी नेपाल, धितोपत्र बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्की तथा समितिका भूतपूर्व अध्यक्ष डा. प्रफुल्ल कुमार काफ्लेले आ–आफ्नो मन्तव्य राख्नु भएको थियो । यसै क्रममा माननीय अर्थ मन्त्रीज्यूबाट समितिका पूर्व अध्यक्षहरूलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो भने समितिका अध्यक्षज्यूबाट समितिमा २० वर्ष सेवा अवधि पूरा गरेका अवकाश प्राप्त तथा बहालवाला कर्मचारीहरूलाई ताम्रपत्र तथा दीर्घ सेवा पदकले सम्मान गरिएको थियो । सोही अवसरमा माननीय अर्थ मन्त्रीज्यूले स्वर्ण महोत्सवको अवसरमा प्रकाशन गरिएको स्मारीका बिमोचन गर्नु भएको थियो ।

## नयाँ निर्जीवन बीमा कम्पनी दर्ता

बीमा ऐन, २०४९ अनुसार समितिले ३ वटा नयाँ निर्जीवन बीमा कम्पनीलाई सञ्चालनका लागि इजाजतपत्र प्रदान गरेको छ । इजाजतपत्र लिनेमा श्री सानिमा इन्स्योरेन्स कम्पनी लिमिटेड, श्री अजोड इन्स्योरेन्स लिमिटेड र श्री जनरल इन्स्योरेन्स कम्पनी नेपाल लिमिटेड रहेका छन् । तीनवटा निर्जीवन बीमा कम्पनी थपिएसंगै अब नेपाली बीमा बजारमा २० वटा निर्जीवन बीमा कम्पनी, १८ वटा जीवन बीमा कम्पनी र १ पुनर्वीमा कम्पनी गरी जम्मा ३९ वटा बीमा कम्पनीहरू सञ्चालनमा रहेका छन् ।

## रक्तदान तथा आँखा दान कार्यक्रम सम्पन्न

बीमा समितिको ५० औ बार्षिक उत्सव (स्वर्ण जयन्ती)को अवसरमा बीमा समिति कर्मचारी युनियनको अयोजनामा मिति २०७५/०१/२८ गते शुक्रबारका दिन समितिको प्राङ्गणमा बृहत रक्तदान तथा आँखा दान कार्यक्रमको आयोजना गरिएको थियो । बीमा समितिका अध्यक्ष श्री चिरञ्जीवी चापागाँईज्यूको प्रमुख आतिथ्यतामा गरिएको उक्त कार्यक्रममा बीमा समिति कर्मचारी युनियनका अध्यक्ष श्री पदम प्रसाद सोडारीज्यूबाट बीमा समितिका अध्यक्षज्यूलाई रक्तदान तथा आखाँ दानको फाराम दिई विधिवत रूपमा कार्यक्रमको उद्घाटन गरिएको थियो । सो अवसरमा बीमा समितिका कर्मचारीहरू, जीवन तथा निर्जीवन बीमा कम्पनीका कर्मचारीहरू, नेपाल बीमा सर्भेयर संघ, बीमा अभिकर्ता संघ लगायत पत्रकारहरूको उल्लेख्य सहभागिता रहेको थियो । उक्त कार्यक्रममा ६१ जनाले रक्तदान गर्नु भएको थियो भने उल्लेख्य संख्यामा आँखा दानका लागि ईच्छापत्र जनाउनु भएको थियो ।

## विश्व बैंक (World Bank) द्वारा सञ्चालित तालिम तथा अन्तक्रिया कार्यक्रम सम्पन्न

विश्व बैंक (World Bank) द्वारा करिब दुई वर्ष देखि 'Insurance Sector Strengthening' कार्यक्रम अन्तर्गत बीमा क्षेत्रको सुदृढीकरण तथा विकासमा Non Lending Technical Assistance (NLTA) अन्तर्गत बीमा नियमनकारी निकायको भूमिकालाई प्रभावकारी तथा व्यवस्थित बनाउन स्थलगत (On-site) तथा गैह्रस्थलगत (Off-site) म्यानुअल तथा टेम्पलेट तयार गर्न समितिका कर्मचारीहरू, बीमकहरूसंग अन्तरक्रिया तथा तालिम कार्यक्रम सञ्चालन गर्दै आईरहेको थियो । जुन, २०१६ देखि दुई वर्षको लागि शुरू गरिएको उक्त कार्यक्रमको समापन होटल याक एण्ड यतिमा दुई सत्र सञ्चालन गरि समापन गरिएको थियो । पहिलो सत्रमा बीमा समितिका कर्मचारीहरू संग 'Insurance Sector Strengthening' कार्यक्रम सञ्चालनको क्रममा गरिएका अध्ययन, कार्यविधि तथा अनुभवहरू आदान प्रदान गरिएको थियो । दोश्रो सत्रमा बीमा कम्पनीका प्रतिनिधिहरू वीच नेपालको बीमा बजार अध्ययनको क्रममा औंल्याइएका निष्कर्षहरू तथा बीमा बजारको वर्तमान अवस्थाको बारेमा आफ्नो अनुभव प्रकट गरिएका थियो ।

## बैंकिङ्ग तथा बीमा एक्स्पो, २०७५ मा समितिको सहभागिता

श्री मिडिया इन्टरनेशनलद्वारा मिति २०७५।१२।११ देखि १२ गते पोखरामा आयोजना गरेको दुई दिने दोस्रो बैकिङ्ग तथा बीमा एक्स्पो, २०७५ मा समितिको सहभागिता रहेको थियो । उक्त कार्यक्रम बीमा समितिका अध्यक्ष श्री चिरञ्जीवी चापागाँईज्यूले उद्घाटन गर्नु भएको थियो भने उक्त एक्स्पोमा बैंक, बीमा कम्पनीहरू लगायत अन्य वित्तीय क्षेत्रको उल्लेखनीय सहभागिता रहेको थियो । विद्यार्थी, वित्तीय क्षेत्रका सरोकारवालाहरूको साथै सर्वसाधारणहरूको सक्रिय सहभागिता रहेको उक्त कार्यक्रमका बीमा सम्बन्धी जानकारी तथा चेतनामुलक सामाग्री सहित छुट्टै स्टल राखी समितिले सेवा प्रदान गरेको थियो ।

## समितिमा २३ जना कर्मचारी थपिदै

समितिमा रिक्त रहेका पदमा संवैधानिक निकाय लोक सेवा आयोगको संलग्नतामा लिखित परीक्षा सञ्चालन भई उतीर्ण भएका कानून उप निर्देशक-१, प्रशासन अधिकृत-१५, कानून अधिकृत-२ तथा सहायक प्रथम ५ गरी जम्मा २३ जना अर्न्तवातामा सफल भई स्थायी नियुक्तीको लागि अन्तिम सिफारिस भएका छन् ।

## बीमा प्रबर्द्धन समितिको गठन

बीमा सम्बन्धी जनचेतनाको कमी भएकोले बीमा क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्य सहित समितिबाट बीमा प्रबर्द्धन समिति गठन कार्य अगाडी बढाइएको छ । समिति मार्फत रहने गरी **बीमा प्रबर्द्धन कोष** खडा गरी क्रमिक रूपले तालिम केन्द्र हुँदै **बीमा प्रतिष्ठान** स्थापना गर्ने उद्देश्यका साथ समिति, जीवन बीमा, निर्जीवन बीमा तथा पुनर्वीमा कम्पनीहरू वीच सहमति भई कार्य प्रारम्भ भईसकेको छ । उक्त प्रवर्द्धन कोषमा प्रत्येक बीमा कम्पनीहरूबाट दुई लाखका दरले ३९ वटा बीमा

कम्पनीबाट जम्मा ७८ लाख र बीमा समितिबाट रू. २२ लाख गरी रू १ करोडको कोष खडा गरिएको छ । हाल बाली तथा पशुपंक्षी बीमा सम्बन्धमा प्रचार प्रसारका लागि स्थापना गरिएको **बाली तथा पशुपंक्षी बीमा प्रबर्द्धन कोषले** गरिरहेको कार्य समेत अव उपरान्त बीमा प्रर्वद्धन समिति मार्फत गरिनेछ ।

## समितिका का.मु. कार्यकारी निर्देशक सेवा निवृत्त

वि.स. २०५४ साल असार ०२ गतेबाट बीमा समितिको सेवामा अधिकृत तृतीय श्रेणीको पदबाट सेवा प्रवेश गर्नुभएका समितिका तत्कालिन का.मु. कार्यकारी निर्देशक श्री श्रीमान कार्की ५८ वर्ष उमेर पुरा भई मिति २०७५ साल असार ०२ गतेबाट अनिवार्य अवकाश हुनु भएको छ । उहाँ सञ्चालक समितिको सचिवको रूपमा, बीमा दर सल्लाहकार समितिको सदस्य सचिवको रूपमा र पदपूर्ति समितिको सदस्य सचिवको रूपमा भूमिका निभाउँदै आइरहनु भएको थियो । उहाँले यस समितिलाई पुऱ्याउनु भएको योगदानलाई उच्च सम्मान गर्दै समिति र बीमा समिति कर्मचारी यूनियनको संयुक्त आयोजनामा मिति २०७५।०३।०१ गते एक कार्यक्रम आयोजना गरी विदाई गरिएको थियो ।

## बीमकको व्यवस्थापन खर्च सम्बन्धी निर्देशन जारी

बीमा समितिबाट निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको व्यवस्थापन खर्च अर्न्तगत अतिथि सत्कार अभिकर्ता तालिम, व्यापार प्रबर्द्धन, विज्ञापन तथा प्रचार प्रसार र अन्य शीर्षकमा जम्मा वार्षिक खर्च (बैदेशिक म्यादी जीवन बीमा बाहेक) खुद बीमाशुल्कको १.५% भन्दा बढी नहुने गरी र सो अन्तर्गतको विज्ञापन तथा प्रचार प्रसार शिर्षकमा न्यूनतम २५% खर्च गर्नुपर्ने गरी निर्देशन जारी गरिएको छ । जीवन बीमाको हकमा प्रथम बीमा शुल्कको बढीमा १८% सम्म व्यवसायीक दक्षता तथा जिम्मेवारीको आधारमा इन्सेन्टिभ वापत अभिकर्ता तालिम, अभिकर्ता अन्य र व्यापार प्रबर्द्धन शीर्षकमा खर्च गर्न सक्ने गरी व्यवस्था सो निर्देशनमा गरिएको छ ।

## कृषि बीमा गर्ने कृषकहरुको दुर्घटना बीमा

**"बाली तथा पशु बीमा निर्देशिका, २०६९"** अन्तर्गत २०७५ साल बैशाख १ गते देखि कृषि बीमा गर्ने कृषकहरूको बीमाङ्क रू. दुई लाखको दुर्घटना बीमा अनिवार्य गरीएको छ । यस बीमालेखको बीमा अवधि भित्र बीमित (कृषक) को दुर्घटनाको कारणबाट मृत्यु भएमा बीमाङ्क रकम रू. २,००,०००।– (अक्षरूपी दुई लाख) दुर्घटना बीमा वापत भुक्तानी गरिने व्यवस्था रहेको छ । सो वापत कृषकले एक (१) वर्ष (३६५ दिन) वा सो भन्दा बढी अवधिको लागी रकम रू. १००।- तथा एक (१) वर्ष भन्दा कम अवधिको लागी रकम रू.५०।- तिर्नुपर्नेछ । तर सो रकममा अनुदान प्राप्त हुने छैन ।

### उल्लेखनीय कृषि बीमा गर्ने कृषकहरुलाई प्रोत्साहन

कृषि बीमालाई अझ बढी प्रभावकारी रूपमा विस्तार तथा प्रवर्द्धन गर्ने उद्देश्य अनुरूप उत्कृष्ट बाली तथा पशुपन्छी बीमा कम्पनी सम्मान कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७५ अन्तर्गत कृषि बीमा गर्ने उत्कृष्ट बीमा कम्पनीलाई पुरस्कृत गर्न मिति २०७५।०३।२० का दिन कृषि विभाग, हरिहर भवनमा कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा सम्माननीय कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रीज्यूबाट सम्मान स्वरूप बीमकहरूलाई प्रशंसापत्र प्रदान गरिएको थियो । बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ अन्तर्गत आ. व. २०७३।७४ मा बीमकहरूबाट गरिएको बाली तथा पशुपन्छी बीमाको तथाङ्कको आधारमा तीन वटा बीमकहरूलाई पुरस्कृत गरिएको थियो । पुरस्कृत बीमकहरूमा एनएलजी इं क. लि. सर्वोकृष्ट, सिद्धार्थ इ. लि. र लुम्बिनी जनरल इं. क. लि.लाई उत्कृष्ट रूपमा सम्मानित गरिएको थियो ।

## बीमा कम्पनीहरुमा (Nepal Financial Reporting Standards-NFRS) लागू हुँदै

जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरूले आ.व.०७४।०७५ देखिको वित्तीय विवरण पेश गर्दा समितिबाट जारी वित्तीय विवरण सम्बन्धी निर्देशन अनुरूपको वित्तीय विवरणको अतिरिक्त नेपाल वित्तीय प्रतिवेदन मानहरू (IFRS) अनुरूप तयार गरेको वित्तीय विवरण समेत पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

## बीमकले (Financial Condition Report) पेश गर्नुपर्ने

जीवन बीमा व्यवसाय गर्ने बीमकहरूले वित्तीय विवरण पेश गर्दा बीमाङ्कीबाट बीमकको वित्तीय अवस्था सम्बन्धी प्रतिवेदन (FCR) तयार गरी प्रत्येक तीन वर्षमा एक पटक अनिवार्य रूपमा समितिमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ । सो प्रतिवेदनमा न्यूनतम देहायका विषयहरू समावेश गर्नुपर्नेछ –

- सारांश (Executive Summary)
- सेवाको क्षेत्र (Scope of Services)
- कार्य सीमा (Limitation Of any)
- कम्पनीको संक्षिप्त जानकारी (Brief Overview of the Company)
- तथ्याङ्क (Data)
- व्यवस्थापनको अवस्था (Business Trends)
- सम्पत्ति र लगानी (Assets & Investment)
- दायित्व (Liabilities)
- बचतको विश्लेषण (Analysis of Surplus)
- सोल्भेन्सी र पूँजी पर्याप्तता (Solvency & Capital Adequacy)
- प्रिमियम पर्याप्तता (Premium Adequacy)
- जोखिम व्यवस्थापन (Risk Management)
- पुनर्बीमाको व्यवस्था (Re-Insurance Arrangements)
- निष्कर्ष र सुझाव (Conclusions & Recommendation)

# समितिबाट जारी भएका निर्देशिका, मार्गदर्शन र संशोधनहरू

**१. प्राविधिक सेवा सम्झौता सम्बन्धी मार्गदर्शन, २०७४ जारी**

विदेशी बीमक तथा संयुक्त लगानीमा स्थापित बीमकहरूले विदेशस्थित मूल कम्पनी वा संयुक्त लगानीमा स्थापित बीमकको शेयर लिने विदेशस्थित बीमा कम्पनीसंग प्राविधिक सेवा सम्झौता गर्न सकिने गरी "बीमकको प्राविधिक सेवा सम्झौता सम्बन्धी मार्गदर्शन, २०७५" जारी गरिएको छ । उक्त मार्गदर्शन बमोजिम विदेशी बीमक तथा संयुक्त लगानीमा स्थापित बीमकले विदेशी बीमकको विदेशस्थित मूल कम्पनी वा संयुक्त लगानीमा स्थापित बीमकको शेयर लिने विदेशस्थित बीमा कम्पनीसंग गरिएको प्राविधिक सेवा सम्झौता समितिबाट स्वीकृति लिनुपर्ने हुन्छ ।

यसरी प्राविधिक सेवा प्रदान गर्ने व्यक्तिले समितिको सिफारिसमा प्रचलित श्रम ऐन तथा श्रम नियमावली अनुसार श्रम स्वीकृति लिएर मात्र कार्य गर्न सक्ने व्यवस्था रहेको छ । प्राविधिक सेवा सम्झौताको अवधि बढीमा चार वर्षको हुने र अवधि समाप्त भए पश्चात नवीकरण गर्न सकिनेछ । यस सम्झौता अर्न्तगत प्राविधिक सेवाको लागि नियुक्त हुने व्यक्तिको कार्यकाल चार वर्षको हुने र निजको अर्को एक कार्यकालका लागि सेवा अवधि थप गर्न सक्ने व्यवस्था रहेको छ । यस मार्गदर्शनमा प्राविधिक सेवा सम्झौताका लागि आवश्यक विषयहरू खुलाउनु पर्ने तथा कर्मचारीको व्यवस्था समेत उल्लेख गरिएको छ जसबाट बीमकहरू थप सवल र सुदृढ हुने देखिन्छ ।

**२. सम्पत्ती शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०७५ जारी** समितिले सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ लाई प्रतिस्थापन गरी "सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशिका, २०७५" जारी गरेको छ । सम्पत्ति शुद्धिकरण तथा आतङ्कवाद कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर निवारण गर्ने सम्बन्धमा बीमकको काम कारवाहीलाई अर्न्तराष्ट्रिय मापदण्ड अनुरूप बनाउनका लागि यो निर्देशिका जारी गरिएको हो । उक्त निर्देशिकामा ग्राहक पहिचान तथा सम्पुष्टि गर्ने तरिका उल्लेख गरिएको छ । बीमकले उच्च पदस्थ व्यक्ति र वास्तविक धनी वा निजको परिवार तथा सम्बद्ध व्यक्तिको सूचीको अभिलेख त्यस्तो व्यक्तिको बीमा अवधि वा निजसंग व्यवसायीक सम्बन्ध वा कारोबार समाप्त भएको मितिले पाँच वर्षसम्म राख्नु पर्ने व्यवस्था गरिएको छ । त्यस्तै एकल बीमाशुल्क भुक्तानी रू. ५० लाख भन्दा बढी बीमाङ्क भएको बचत प्रकृतिको बीमालेखको लागि आवश्यक कागजातहरू तोकिएका छन् । कुनै व्यक्ति वा संस्थाले सीमा (थ्रेसहोल्ड) भन्दा बढी बीमाशुल्कको कारोबार गरेमा त्यस्तो कारोबारको विवरण सम्बन्धित निकायमा पन्ध्र दिनभित्र जानकारी गराउनु पर्ने व्यवस्था निर्देशिकामा रहेको छ । बीमकले एक लाख रूपैयाँ वा सो भन्दा बढीको बीमाशुल्क स्वीकार गर्दा बैंक, वित्तीय संस्था वा बैकिङ्ग उपकरण वा पस (Point of Sale) मेसिन मार्फत गर्नुपर्नेछ । साथै पचास हजार रूपैयाँ भन्दा बढीको दावी भुक्तानी गर्दा बैंक वा वित्तीय संस्थाको खाता मार्फत गर्नुपर्ने व्यवस्था पनि निर्देशिकाले गरेको छ । बीमकले प्रत्येक त्रैमासिक रूपमा समितिमा प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था गरेको छ ।

**३. बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५**

समितिले बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७३ लाई प्रतिस्थापन गरी बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ मिति २०७५।०१।०९ देखि लागू हुने गरी जारी गरेको छ । बीमकको सञ्चालक समिति, शेयरधनी तथा व्यवस्थापनको सम्बन्ध तथा जिम्मेवारी निर्धारण गर्ने एवम् बीमित हित संरक्षण गर्ने बृहत्तर प्रयोजनको लागि यो निर्देशिका जारी गरिएको हो ।

**आ.व. ०७५।०७६ को बजेट वक्तव्यमा बीमा**

- उच्च शिक्षा हासिल गरेका युवालाई व्यवसायमा आकर्षित गर्ने शैक्षिक प्रमाणपत्रको धितोमा ५ प्रतिशत व्याज अनुदानमा रू. ७ लाखसम्म ऋण उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । त्यस्तो कर्जाको अनिवार्य सुरक्षण हुने र व्यवसायको बीमा गर्ने व्यवस्था मिलाइनेछ । नवीनतम ज्ञान, सीप र क्षमता भएका उद्यमीलाई व्यवसाय सञ्चालन गर्न सुरूवाती पुँजी उपलब्ध गराउन च्यालेन्ज फण्डको व्यवस्था गरिएको छ ।
- विदेशबाट फर्केका युवाहरूको सीप प्रमाणीकरण गरी त्यस्ता युवाहरूलाई सम्बन्धित व्यवसाय सञ्चालन गर्न परियोजनामा आधारित रू.१० लाखसम्मको ऋण उपलब्ध गराउने व्यवस्था मिलाएको छ । त्यस्तो कर्जाको अनिवार्य सुरक्षण गराइ व्यवसायको बीमा गराउने व्यवस्था गरिएको छ ।
- स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो र गुण्स्तरीय तुल्याइनेछ । आधारभूत स्वास्थ्य सवै नागरिकको पहुँच सुनिश्चित गर्न स्वास्थ्य बीमाको कार्यक्रम मुलुकभर विस्तार गरिनेछ ।
- सत्तरी बर्षभन्दा माथिका सबै ज्येष्ठ नागरिकको रू.१ लाखसम्म बीमात्र रकमको स्वास्थ्य बीमा शुल्क सरकारले व्यहोर्नेछ ।

- उत्पादन जोखिम सम्बोधन गर्ने कृषि बीमा विस्तार गरिनेछ । कृषि, पशुपन्छी तथा मत्स्यपालनको बीमामा लाग्ने शुल्कको ७५ प्रतिशत अनुदान दिने प्रयोजनका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।
- वित्तीय सेवा सबै नेपालीको सहज पहुँच बृद्धि गरिनेछ । वित्तीय क्षेत्रमा नियमनकारी निकायहरूको क्षमता अभिबृद्धि गर्न नेपाल राष्ट्र बैङ्क ऐन, बीमा ऐन र धितो पत्र ऐनमा समायानुकूल संशोधन गरिनेछ ।
- साना निक्षेपकर्ताको निक्षेपको अनिवार्य बीमा सीमा बृद्धि गरी रू.३ लाख र धितोरहित प्रवाह हुने साना कर्जा सुरक्षण गर्ने रकमको सीमा रू. १० लाख पुऱ्याउने व्यवस्था मिलाइनेछ । आगामी २ वर्षभित्र सवै बीमा कम्पनीहरूले कुल बीमा कारोबारमध्ये लघु बीमाको कारोबार कम्तीमा १० प्रतिशत पुऱ्याउनुपर्ने व्यवस्था गरिनेछ ।
- नेपालमा सञ्चालित जीवन तथा निर्जीवन बीमा कम्पनीहरूले बीमा लेखाङ्कको कम्तीमा २० प्रतिशत अनिवार्य रूपमा नेपाल पुनर्बीमा कम्पनीमा पुनर्बीमा गर्नुपर्ने व्यवस्था रहेको छ ।
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बीमाको बीमाङ्क बृद्धि गरी दुई लाख पुऱ्याएको छु । बीमा प्रिमियमको ५० प्रतिशत नेपाल सरकारबाट रू. ५० प्रतिशत सम्बन्धित कर्मचारीले व्यहोर्ने व्यवस्था रहेको छ ।
- योगदानमा आधारित निबृत्तिभरण कोषमा सहभागी हुने व्यक्तिलाई सामाजिक सुरक्षा कर छुट हुने प्रबन्ध रहेको छ । जीवन बीमाको प्रिमियम बापत आयकरमा खर्च कट्टी पाउने रकमको सीमालाई बृद्धि गरी रू. २५ हजार पुऱ्याइएको छ ।

**तालिम तथा अन्तरक्रिया कार्यक्रम**

सर्वसाधारण जनतामा बीमा सम्बन्धी चेतना अभिबृद्धि गर्नुका साथै बीमा क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले समितिले आ.व. २०७४।०७५ मा प्रदेश नं. १ स्थित विराटनगर महानगरपालिका, प्रदेश नं. २ स्थित बुटवल उप महानगरपालिका र प्रदेश नं. ४ स्थित पोखरा लेखनाथ महानगरपालिका, बाग्लुङ्ग नगरपालिका, कुश्मा नगरपालिका, बेनी नगरपालिका र फलेवास नगरपालिकाका स्थानीय जनप्रतिनिधिहरू तथा विभिन्न विद्यालयमा अध्ययनरत बिद्यार्थीहरू र बीमकका शाखा प्रमुखहरूसंग बीमा विषयमा अन्तरक्रिया/छलफल तथा तालिम कार्यक्रम सञ्चालन गरेको थियो ।

क. बीमा समितिको आयोजनामा मिति २०७४।११।२५ देखि २०७४।११।३० सम्म प्रदेश नं. ५ बुटवल उप महानगरपालिकामा उक्त महानगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरूसंग बीमा विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । जसमा विभिन्न वडाका अध्यक्षहरू सहित ५० जनाको सहभागिता रहेको थियो । बुटवल स्थित पर्रोहा उच्च मा.वि.मा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूसंग गरिएको अन्तरक्रिया तथा छलफलमा विद्यार्थी तथा शिक्षकहरू सहित १५० जनाको सहभागिता रहेको थियो । यसै क्रममा समितिद्वारा बुटवलस्थित होटल न्यू एरामा चार दिनसम्म निर्जीबन बीमा अभिकर्ताको तालिम सञ्चालन गरिएको थियो । जसमा प्रशिक्षकको रूपमा समितिका कर्मचारीहरू, बीमकका शाखा प्रमुखहरू तथा सर्भेयर रहेका थिए भने सो तालिममा ४३ जना प्रशिक्षार्थीहरूले निर्जीवन अभिकर्ताको इजाजतपत्र पाएका थिए ।








ख. मिति २०७४।११।१८ गते प्रदेश नं. ४ स्थित पोखरा लेखनाथ महानगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरूसंग बीमा विषयमा अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा मेयर, उप मेयर, वडा अध्यक्षहरू गरी ५० जना भन्दा बढी जनप्रतिनिधिहरूको सहभागिता रहेको थियो । साथै, पोखरास्थित बीमकका शाखा कार्यालयका शाखा प्रमुखहरूसंग बीमा विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो भने नाँउ डाँडास्थित कालिका मा.वि.मा कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरू तथा शिक्षकहरूसंग मिति २०७४।११।१९ मा बीमा विषयमा गरिएको छलफल तथा अन्तरक्रिया कार्यक्रममा १५० जनाको सहभागिता रहेको  थियो । त्यसै गरी समितिद्वारा मिति २०७४।११।२० देखि मिति २०७४।११।२३ (४ दिन) सम्म  निर्जीवन बीमा अभिकर्ताको आधारभुत तालिम सञ्चालन गरिएको थियो जसमा ४२ जना निर्जीवन बीमा अभिकर्ताकाको इजाजतपत्र प्राप्त गरेका थिए ।









ग. समितिद्वारा मिति २०७४।१२।१३ मा बाग्लुङ्ग नगरपालिकामा बाग्लुङ्ग, बेनी, फलेवास तथा कुश्मा नगरपालिकाबाट निर्वाचित जनप्रतिनिधिहरू संग बीमा विषयमा अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रमको उद्घाटन बाग्लुङ्ग नगरपालिकाका प्रमुख श्री जनक राज पौडेलले गर्नु भएको थियो । कार्यक्रममा कृषि बीमा, स्वास्थ्य बीमा र लघु बीमा सम्बन्धी विषयमा छलफल तथा अन्तरक्रिया गरिएको थियो भने बीमा दावी भुक्तानीमा देखिएका समस्याहरू बारे सहभागिहरूबाट उठेका जिज्ञासाहरू माथि प्रकाश पारिएको थियो । उपस्थित जनप्रतिनिधिहरूबाट आ-आफ्नो क्षेत्रमा बीमा सम्बन्धमा जनचेतना अभिबृद्धि गर्न पहल गर्ने जनाउनु भएको थियो ।



घ. समितिद्वारा मिति २०७५।०२।१९ गते प्रदेश नं. १ विराटनगर महानगरपालिकाका कृषकहरूसंग कृषि बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । विराटनगर महानगरपालिकाबाट निर्वाचित जनप्रतिनिधिहरू, कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका प्रतिनिधि, बीमा सर्भेयरहरू, विराटनगर शाखास्थित बीमकका शाखा प्रमुखहरू, सहित १०० जना भन्दा बढीको उपस्थिति रहेको उक्त कार्यक्रममा विराटनगर महानगरपालिकाका मेयर श्री भीम पराजुलीको प्रमुख अतिथ्यतामा कार्यक्रमको सभापति समितिका अध्यक्षज्यूले गर्नु भएको थियो । उक्त कार्यक्रममा सहभागिहरूले कृषि, बाली तथा पशुपन्छी बीमामा देखा परेका समस्याहरू, दावी भुक्तानी फछ्र्यौटमा देखा परेका समस्याहरू राख्नुका साथै कृषि बीमाको पहुँच विस्तार सम्बन्धमा छलफल गरिएको थियो ।






**आर्थिक पत्रकारहरुलाई तालिम प्रदान**

क. जनमानसमा बीमा सम्बन्धी सही जानकारी सम्प्रेषण होस भन्ने उद्देश्यका साथ नेपाल आर्थिक पत्रकार समाजको सक्रियतामा समितिद्वारा मिति २०७४।११।१६ देखि १७ सम्म आर्थिक पत्रकारहरूलाई बीमा सम्बन्धी आधारभूत तालिम प्रदान गरिएको थियो । उक्त कार्यक्रममा बीमाको आधारभूत सिद्धान्त, लघु बीमा, पुनर्वीमा, स्थलगत तथा गैह्स्थलगत निरीक्षणको ढाँचा, बीमा दावी भुक्तानीका तरिका तथा त्यसका लागि आवश्यक कागजपत्र आदि जस्ता विषयमा तालिम सञ्चालन गरिएको थियो । तालिम कार्यक्रममा ३५ जना आर्थिक पत्रकारहरूको सहभागिता रहेको थियो ।





ख. आर्थिक पत्रकार समाजसंगको सहकार्यमा समितिद्वारा मिति २०७५।०३।२२ देखि २३ सम्म आर्थिक पत्रकारहरूसंग दुई दिने आवासीय अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । उक्त अन्तरक्रिया कार्यक्रममा समितिका अध्यक्षज्यूबाट बीमा सम्बन्धी समसामयीक विषयमा आफ्नो मन्तव्य प्रस्तुत गर्नु भएको थियो भने समितिका निर्देशक श्री राजु रमण पौडेलद्वारा बीमा समिति हिजो, आज र भोली विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । बरिष्ठ पत्रकार जुनार बाबु बस्नेतले बीमा रिर्पोटिङ्ग विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने समितिका अध्यक्ष तथा बीमा विज्ञ भोजराज शर्माज्यूले पत्रकारहरूद्वारा उठाइएका प्रश्न तथा जिज्ञासाहरू समाधान गर्नु भएको थियो ।

निर्जीवन बीमा व्यवसाय अन्तर्गत नयाँ बीमालेख जारी
गर्दा वा नवीकरण
गर्दा बीमाशुल्क भुक्तानी भएको मितिबाट बीमा अवधि कायम
हुने गरी बीमालेख
जारी गर्ने व्यवस्था गरिएको हुँदा सोही बमोजिम
गर्नु गराउनु हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

## जीवन बीमा व्यावसाय गर्ने बीमा कम्पनीहरूको २०७४ चैत्र मसान्त सम्मको वित्तिय अवस्था तथा कारोबारको विवरण

रकम रू. लाखमा

| बीमकको नाम | चुक्ता पूँजी | जीवन बीमा कोष | जगेडा तथा कोष | जम्मा लगानी तथा कर्जा | कुल बीमाशुल्क | खुद बीमाशुल्क | कुल दाबी भुक्तानी | खुद दाबी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| श्री राष्ट्रिय बीमा संस्थान | ३,०१९.८९ | १,६९९.५४ | १,७९४.९२ | १२,३७३.६८ | ६,०२७.७१ | ३,०७१.०९ | २,२८२.८७ | १,१३६.७० |
| श्री नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लि. | – | ४,९१२.२४ | (२८७.४७) | १७,५७७.७२ | ६,१७२.३७ | ४,८७९.७५ | ४,३४२.५४ | ३,७३३.९६ |
| श्री नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. | – | ९,०६७.७७ | (१०,२५८.२२) | १७,८२६.३० | ६,४१४.२५ | ५,४४५.५७ | ८,५६५.०० | ७,८३९.५७ |
| श्री लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | १०,२७२.०० | ३,८०९.७४ | १,४१२.८९ | १७,१५८.५४ | ७,५३२.२५ | २,३६१.१६ | २७,९५३.२८ | १,१३२.१३ |
| श्री मेट लाइफ (ALICO) | ३,०२४.०० | २,४१४.३७ | (३०.८६) | ६,७७०.३२ | ३,८४९.९७ | २,४८०.६४ | २,४३८.४९ | १,२३८.५९ |
| श्री एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि. | ५,८४०.०० | ४,३४२.४८ | ७,०४५.६४ | २१,४९०.६० | ११,३६४.३२ | ६,२१४.६६ | १०,१५६.२४ | २,९८७.१४ |
| श्री सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि. | २,०८५.०० | १,९१०.८७ | १,०४९.७५ | ५,९७३.२६ | ४,२७३.६० | ७८४.७१ | ७६७.८१ | २६४.६४ |
| श्री गुँरास लाइफ इन्स्योरेन्स कम्पनी लि. | ७,८४१.८५ | ३,०१६.२६ | ३,७६४.३५ | २३,१७५.१३ | १२,२९२.८८ | ७,२०८.९३ | ४,७५३.६५ | २,८४५.४४ |
| श्री प्राईम लाइफ इन्स्योरेन्स कम्पनी लि. | ५,३८२.९२ | ४,८८७.९१ | ३,८८३.५१ | १६,६९८.९७ | १३,००५.३७ | ६,५७५.२९ | ७,०००.२९ | २,८४४.०८ |
| श्री आइएमइ लाइफ इन्स्योरेन्स कं. लि. | ६,८८४.०८ | ३,९५९.६० | ९४७.८७ | ९,४९९.४८ | ६,५३८.२५ | ३,९४४.४१ | २,५५८.१२ | १,२००.९३ |
| श्री युनियन लाइफ इन्स्योरेन्स कं.लि. | ५,४००.०० | १,३४७.४७ | १,१४९.०४ | ९,३९९.९८ | ६,७५२.५८ | २,८०७.७९ | १,६१०.२५ | ९०८.८६ |
| श्री सन नेपाल लाइफ इ.कं.लि. | ६,४१५.२० | ४,१८१.०६ | १,०७५.०९ | १४,०८२.८२ | १०,२२१.२१ | ३,६२२.९९ | ५,७३१.४१ | २,३२८.९९ |
| श्री ज्योती लाइफ इन्स्योरेन्स कं.लि. | १०,५७३.१० | ७,९०४.३७ | २,३४९.९५ | २५,०४२.८४ | २४,५९२.७२ | १२,२८८.५९ | ८,६०१.७१ | ५,५७०.८९ |
| श्री रिलायवल नेपाल लाइफ इन्स्योरेन्स कं.लि. | ८,८००.०० | ३,९८४.०० | १,०७३.०० | १८,९४५.०० | ८,८५३.०० | ५,४९७.०० | ३,९८४.०० | २,८२४.०० |
| जम्मा | १६१,७९२.२७ | १,४७४,७१५.६२ | ९२,८३०.०८ | १,६६५,४२७.९१ | १०१,१२७.१५ | १०४,७६६.०६ | ३०,१५७.४१ | ३२,१९९.७५ |

## निर्जीवन बीमा व्यावसाय गर्ने बीमा कम्पनीहरुको २०७४ चैत्र मसान्त सम्मको वित्तिय अवस्था तथा कारोबारको विवरण

रकम रु. लाखमा

| बीमकको नाम | चुक्ता पूँजी | बीमा कोष | जगेडा तथा कोष | जम्मा कर्जा तथा लगानी | कुल बीमाशुल्क | खुद बीमाशुल्क | कुल दाबी भुक्तानी | खुद दाबी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| श्री नेपाल इन्स्योरेन्स कम्पनी लि. | ३,०१९.८९ | १,६९९.५४ | १,७९४.९२ | १२,३७३.६८ | ६,०२७.७१ | ३,०७१.०९ | २,२८२.८७ | १,१३६.७० |
| श्री दि ओरियन्टल इन्स्योरेन्स कम्पनी लि. | – | ४,९१२.२४ | (२८७.४७) | १७,५७७.७२ | ६,१७२.३७ | ४,८७९.७५ | ४,३४२.५४ | ३,७३३.९६ |
| श्री नेशनल इन्स्योरेन्स कम्पनी लि. | – | ९,०६७.७७ | (१०,२५८.२२) | १७,८२६.३० | ६,४१४.२५ | ५,४४५.५७ | ८,५६५.०० | ७,८३९.५७ |
| श्री हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लि. | १०,२७२.०० | ३,८०९.७४ | १,४१२.८९ | १७,१५८.५४ | ७,५३२.२५ | २,३६१.१६ | २७,९५३.२८ | १,१३२.१३ |
| श्री यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लि. | ३,०२४.०० | २,४१४.३७ | (३०.८६) | ६,७७०.३२ | ३,८४९.९७ | २,४८०.६४ | २,४३८.४९ | १,२३८.५९ |
| श्री प्रिमियर इन्स्योरेन्स कम्पनी लि. | ५,८४०.०० | ४,३४२.४८ | ७,०४५.६४ | २१,४९०.६० | ११,३६४.३२ | ६,२१४.६६ | १०,१५६.२४ | २,९८७.१४ |
| श्री एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. | २,०८५.०० | १,९१०.८७ | १,०४९.७५ | ५,९७३.२६ | ४,२७३.६० | ७८४.७१ | ७६७.८१ | २६४.६४ |
| श्री नेको इन्स्योरेन्स लि. | ७,८४१.८५ | ३,०१६.२६ | ३,७६४.३५ | २३,१७५.१३ | १२,२९२.८८ | ७,२०८.९३ | ४,७५३.६५ | २,८४५.४४ |
| श्री सगरमाथा इन्स्योरेन्स कम्पनी लि. | ५,३८२.९२ | ४,८८७.९१ | ३,८८३.५१ | १६,६९८.९७ | १३,००५.३७ | ६,५७५.२९ | ७,०००.२९ | २,८४४.०८ |
| श्री प्रभु इन्स्योरेन्स लि. | ६,८८४.०८ | ३,९५९.६० | ९४७.८७ | ९,४९९.४८ | ६,५३८.२५ | ३,९४४.४१ | २,५५८.१२ | १,२००.९३ |
| श्री एनबी इन्स्योरेन्स कम्पनी लि. | ५,४००.०० | १,३४७.४७ | १,१४९.०४ | ९,३९९.९८ | ६,७५२.५८ | २,८०७.७९ | १,६१०.२५ | ९०८.८६ |
| श्री प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लि. | ६,४१५.२० | ४,१८१.०६ | १,०७५.०९ | १४,०८२.८२ | १०,२२१.२१ | ३,६२२.९९ | ५,७३१.४१ | २,३२८.९९ |
| श्री शिखर इन्स्योरेन्स कम्पनी लि. | १०,५७३.१० | ७,९०४.३७ | २,३४९.९५ | २५,०४२.८४ | २४,५९२.७२ | १२,२८८.५९ | ८,६०१.७१ | ५,५७०.८९ |
| श्री लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि. | ८,८००.०० | ३,९८४.०० | १,०७३.०० | १८,९४५.०० | ८,८५३.०० | ५,४९७.०० | ३,९८४.०० | २,८२४.०० |
| श्री एनएलजी इन्स्योरेन्स कम्पनी लि. | ६,४०४.०६ | ६,५६८.५० | ८५७.५३ | १९,८३४.४४ | १०,९७४.९१ | ५,५६०.६२ | ५,००५.०९ | ३,२२५.२६ |
| श्री सिध्दार्थ इन्स्योरेन्स लि. | ६,४१४.२१ | ५,०२९.४३ | १,२०७.११ | १७,४७७.६२ | १२,९५८.८६ | ६,५६७.८३ | ७,३२८.३४ | ३,१७८.८७ |
| श्री राष्ट्रिय बीमा कम्पनी लि. | २,६६६.३९ | १३,०७४.९९ | २०,२५८.३० | ४२,४४०.८३ | ७,६९०.९५ | १,७९५.४५ | ५७०.३३ | ४६६.९५ |
| जम्मा | ९१,०२२.७० | ८२,११०.६० | ३७,२९२.४० | २९५,७६७.५३ | १५९,५१५.२० | ८१,१०६.४८ | १०३,६४९.४२ | ४३,७२७.०० |

# लेख रचना खण्ड

# सम्पत्ति शुद्धिकरण निवारणमा बीमा क्षेत्रको भूमिका



✍ पुजन ढुङ्गेल अधिकारी*

**पृष्ठभूमी**

गैरकानुनी तरिकाबाट प्राप्त गरिएको सम्पत्तिको प्रारम्भिक श्रोत लुकाउनु वा छल्नु वा उक्त कसुरमा संलग्न ब्यक्तिलाई कानुनी कारवाहिबाट बचाउन सहयोग गर्ने उद्देश्यले कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउँदै त्यस्तो सम्पत्ति कुनै पनि प्रकारले रूपान्तरण वा हस्तान्तरण गर्ने कार्य सम्पत्ति शुद्धिकरण अन्तर्गत पर्दछ । अवैध हातहतियारको बिक्री, लागू औषधको कारोबार, भ्रष्टाचार, मानव तस्करी, जनावरको तस्करी, राजस्व छली, क्यासिनो, फिरौति, घुस खोरी आदिबाट प्राप्त गरिएको सम्पत्तिको प्रारम्भिक श्रोत लुकाई उक्त सम्पत्तिलाई वित्तीय प्रणाली मार्फत बैध बनाउनु नै सम्पत्ति शुद्धिकरण सम्बन्धी कृयाकलाप गर्नेहरूको मुख्य उद्देश्य हो । सम्पत्ति शुद्धिकरण सम्बन्धी कृयाकलापहरूको पहिचान गरि उक्त कार्यमा संलग्न ब्यक्ति (प्राकृतिक र कानुनी) लाई कानुनी दायरामा ल्याउनु नै सम्पत्ति शुद्धिकरण निवारण गर्नु हो ।

चित्र १

रकम राख्नु (Placement)
गैरकानुनी रूपमा प्राप्त सम्पत्तिलाइ बीमाको प्रणाली भित्र प्रवेश गराइन्छ
(जीवन तथा निर्जीवन बीमालेख खरिद)

तहगत (Layering)
बित्तीय कारोबार गरि रकमको श्रोत लुकाइन्छ
(समर्पण, बीमाङ्क बढाउने कार्य, ऋण लिने कार्य, बीमालेख रद्द गर्ने कार्य, बीमा दावी गर्ने कार्य आदि)

सम्पत्ति एकिकरण (Integration)
बीमाबाट प्राप्त रकमलाई अन्य क्षेत्रमा लगानी गर्ने कार्य

कालो धन (गैरकानुनी ढंगले प्राप्त धन) लाई सेतो धन (कानुनी रूपमा बैध) मा परिणत गर्ने प्रयोजनको लागि वित्तीय क्षेत्र अत्यन्त संवेदनशील क्षेत्र रहेको छ । वित्तीय क्षेत्रहरू मध्ये बैंकिङ्ग क्षेत्र सम्पत्ति शुद्धिकरण गर्ने प्रयोजनका लागि सबैभन्दा बढि प्रयोग हुने क्षेत्र भएता पनि बिभिन्न अनुसन्धानको प्रतिवेदन हेर्दा बीमा क्षेत्र पनि उत्तिकै संवेदनशील क्षेत्र देखिन्छ । सन् २०१२/१३ मा नेपालमा भएको राष्ट्रिय जोखिम मूल्याङ्कन (National Risk Assessment) मा बीमा क्षत्रको जोखिम १ देखि १० को स्केल मा ५.५ देखिएको थियो जसले यो दर्शाउछ कि नेपालको बीमा क्षेत्र सम्पत्ति शुद्धिकरणको दृष्टिकोणले मध्यम जोखिममा रहेको छ ।

**अन्तराष्ट्रिय संघ संस्थाको भूमिका**

संसारमा सम्पत्ति शुद्धिकरण सम्बन्धी कृयाकलापहरूको बढ्दो घटनाक्रम र उक्त कृयाकलापहरूबाट उत्पन्न हुने अराजकतालाई न्यूनिकरण गर्न बिभिन्न अन्तराष्ट्रिय संघ संस्थाहरूको स्थापना भएका छन् । त्यस्ता संस्थाहरूको सूचीमा Financial Action Task Force(FATF) को महत्वपूर्ण योगदान रहेको छ । सन् १९८९ मा पेरिसमा सम्पन्न भएको G7 Summit को निर्णय बमोजिम स्थापना भएको FATF ले सन् १९९० मा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी बिस्तृत मागदर्शन प्रदान गर्ने उद्देश्यले ४० वटा मापदण्डहरू तोकि उक्त मापदण्डहरूलाई समय सापेक्ष संशोधन समेत गर्दै आएको छ । सोही मापदण्ड र देशको बर्तमान परिवेशलाई आधार बनाएर संसारका बिभिन्न राष्ट्रहरूले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानुनहरू निर्माण गर्दै आइरहेका छन् । यसै प्रसंगमा FATF ले "Risk Based Approach, Guidance for life insurers, 2009" नामक दिग्दर्शन समेत प्रकाशन गरेको छ । जोखिमका प्रकृतिहरू पहिचान गरि, यसरी पहिचान

* उप निर्देशक, बीमा समिति ।

भएका जोखिमहरूलाइ वर्गिकरण गर्ने तरिका लगायत जीवन बीमा गर्ने बीमकले अवलम्बन गर्न सक्ने अन्य उपायहरू समेत उक्त दिग्दर्शनमा समावेश गरिएको छ । बीमा क्षेत्रलाई हेर्ने हो भने International Association of Insurance Supervisors (IAIS) ले बीमा नियमन सम्बन्धी २६ वटा सिद्धान्तहरू प्रकाशन गरेको छ जस मध्ये बाइसौं सिद्धान्त सम्पत्ति शुद्धिकरण तथा आतंककारी कृयाकलापमा वित्तीय लगानी सम्बन्धमा जारी भएको छ । उक्त सिद्धान्त बमोजिम बीमक तथा बीमकका मध्यस्थकर्ताहरूले सम्पत्ति शुद्धिकरण तथा आतंककारी कृयाकलापमा बित्तिय लगानी निवारण सम्बन्धमा प्रभावकारी उपायहरू अवलम्बन गर्नु पर्ने प्रावधान रहेको छ[१] । साथै नियमनकारी निकायले पनि सम्पत्ति शुद्धिकरण तथा आतंककारी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा प्रभावकारी उपाय अवलम्बन गर्नु पर्ने प्रावधान रहेको छ । साथै FATF Style Regional Bodies (FSRB), APG (Asia Pacific Group) जस्ता संस्थाहरू पनि सम्पत्ति शुद्धिकरण निवारणमा महत्वपूर्ण भूमिका निभाई रहेका अन्तराष्ट्रिय संस्था मध्ये पर्दछन् ।

**बीमा क्षेत्रमा हुन सक्ने गतिबिधि**

बीमा क्षेत्रमा पनि बिशेष गरि जीवन बीमा क्षेत्रलाई सम्पत्ति शुद्धिकरणको लागि दुरूपयोग गरिने संभावना अत्याधिक रहेको छ । बीमा क्षेत्रमा यस्तो गतिबिधि सर्वप्रथम सन् २००२ मा न्यूयोर्क टाइम्सले प्रकाशन गरेको थियो जस अनुसार लागू औषध ब्यापारबाट आर्जन गरिएको आठ करोड डलर बराबरको रकम २०० वटा जीवन बीमालेख खरिद गर्न प्रयोग गरिएको थियो[2] । बीमा क्षेत्रमा नयाँ नयाँ प्रकारका बीमालेखहरूको बिकास संगै बीमालेखमा भएका बिभिन्न बिशेषताहरूलाई कालो धनलाई सेतो बनाउने प्रयोजनका लागि प्रयोग गरिन्छ । त्यस्ता बिशेषताहरू मध्ये केहि बिशेषताहरू निम्न बमोजिम रहेका छन् ।

१. बीमा शुल्क नगदमा नै स्वीकार गरिने बीमालेख
२. एकल बीमाशुल्क भूक्तानी गर्ने बिकल्प भएको बीमालेख
३. लगानी गर्ने बिकल्प भएको बीमालेख
४. बीमालेख धितो राखि ऋण लिन मिल्ने बीमालेख
५. चाँडै र सजिलै समर्पण गर्न मिल्ने बीमालेख
६. तेश्रो पक्षले गरेको बीमाशुल्क भूक्तानी स्वीकार गरिने बीमालेख

**बिद्यमान कानुनी ब्यवस्था**

सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दोस्रो संशोधन २०७० ले वित्तीय क्षेत्रका नियमनकारी निकायहरूको महत्वपूर्ण भूमिका तोकिदिएकाले बीमा समितिले पनि सो सम्बन्धमा बिद्यमान कानुनी ब्यवस्थाहरूमा परिमार्जन गर्न आवश्यकता महसुस गरी बीमा समितिबाट लागू गरिएको सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी कृयाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ लाई, सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दोस्रो संशोधन २०७० बमोजिम परिमार्जन गरी सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७५ जारी गरेको  छ । नेपालको बर्तमान परिवेश र राष्ट्रिय आवश्यकता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाका मान्यता, प्रचलन, प्रतिवेदन, नियमनकारी निकायको क्षेत्राधिकार र जोखिमको अवस्था आदि कुराहरूलाई ध्यानमा राखी बीमा समितिले सम्पत्ति शुद्धीकरण तथा आतत्रवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७५ जारी गरेको छ । उक्त निर्देशिकामा रहेका प्रमुख ब्यवस्थाहरू निम्न बमोजिम रहेका छन् :

**आन्तरिक नीति तथा कार्यविधि** : बीमकले सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी आन्तरिक नीति तथा कार्यबिधि तयार गर्नुपर्ने ब्यवस्था बीमा समितिबाट जारी गरिएको "सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी कृयाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९" मा पनि भएको तर २०७५ को निर्देशिकाले उक्त कार्यबिधिमा समावेश गर्नुपर्ने कुराहरू बिस्तृत रूपमा प्रष्ट पारेको छ । कर्मचारीको आन्तरिक जिम्मेवारी तथा कार्य विभाजन, जोखिम मूल्याङ्कन प्रणालीको आधार तथा पद्दती, जोखिममा आधारित ग्राहक पहिचान, अद्यावधिक तथा अनुगमन प्रणाली, अस्वभाविक तथा शंकास्पद कारोबारको पहिचान गर्ने पद्दती र सो

१ Insurance_Core_Principles_updated_November_2015_pdf

२ Source : https://businessmirror.com.ph/money-laundering-in-the-insurance-industry/(Visited on 27th June 2018)

को आधार जस्ता कुराहरू समेत समावेश गरी बीमकले आन्तरिक नीति तथा कार्यबिधि तयार गर्नुपर्ने ब्यवस्था गरिएको छ ।

**ग्राहक पहिचान तथा सम्पुष्टि** : बीमकले ग्राहकको पहिचान तथा सो को सम्पुष्टि गर्दा बीमित र प्रस्तावकको औंठा छाप (ल्याप्च) लिनुपर्ने साथै बीमित र अभिकर्ता बाहेक अन्य कुनै व्यक्तिले बीमितको नाममा नेपालस्थित कार्यालयमा एकलाख रूपैयाँभन्दा बढी बीमाशुल्क वा अन्य नगद रकम जम्मा गर्न आएमा त्यसरी रकम जम्मा गर्न आउने व्यक्तिको नाम, थर, सम्पर्क नम्बर वा ठेगाना र ग्राहकसँगको सम्बन्ध खुलाउने विवरण लिनुपर्ने ब्यवस्था गरिएको छ । ग्राहक पहिचानको सिलसिलामा ल्याप्चे सहीछाप लिंदा प्राकृतिक व्यक्तिको हकमा बीमित व्यक्ति र प्रस्तावक फरक भएमा प्रस्तावकको समेतको लिनु पर्ने तर नाबालिगको हकमा प्रस्तावकको मात्र ल्याप्चे सहिछाप लिए पुग्ने भएको छ ।

**उच्च पदस्थ व्यक्तिको पहिचान** : बीमकले बीमालेख जारी गर्दा, बीमालेख धितो राखी ऋण प्रदान गर्दा, बीमालेख समर्पण गर्दा वा बीमालेख अन्तर्गत अन्य कुनै पनि प्रकारले भुक्तानी गर्दा उच्च पदस्थ व्यक्ति पहिचान हुने संयन्त्र बनाइ लागू गर्नु पर्दछ । उच्च पदस्थ ब्यक्ति पहिचान गर्दा सार्वजनिक रूपमा उपलब्ध सूचनाबाट जानकारी प्राप्त गर्ने र सामाजिक सञ्जालमा उपलब्ध सूचनाहरूको विश्लेषण गरी जानकारी लिने समेत गर्नु पर्नेछ । साथै, उच्च पदस्थ व्यक्ति वा निजको परिवार तथा सम्बद्ध व्यक्तिको सूचीको अभिलेख त्यस्तो व्यक्ति अवकाश भएको, निजको बीमा अवधि समाप्त भएको मितिले पाँच वर्षसम्म राख्नु पर्नेछ

**वास्तविक धनी पहिचान** : बीमकले वास्तविक धनी पहिचान गर्दा वास्तविक धनी पहिचान गर्ने माध्यम तयार गरि वास्तविक धनी र निजसँग सम्बन्धित सम्पूर्ण कारोबारको एकीकृत रुपमा अनुगमन गर्ने संयन्त्र तयार गरि लागु गर्नुपर्नेछ । साथै बीमकले वास्तविक धनी वा निजको परिवार तथा सम्बद्ध व्यक्तिको सूचीको अभिलेख त्यस्तो व्यक्तिको बीमा अवधि समाप्त भएको मितिले पाँच बर्षसम्म राख्नु पर्नेछ ।

**जोखिम व्यवस्थापन र मूल्याङ्कन** : बीमकले जोखिमको पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्दा राष्ट्रिय तथा क्षेत्रगत जोखिम मूल्याङ्कन सम्बन्धी प्रतिवेदन, सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा कुनै प्रतिष्ठित अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययन तथा अनुसन्धानको प्रतिवेदन, व्यवसायिक सम्बन्धको प्रकृति, उद्देश्य र अवधि जस्ता कुराहरूलाई आधार मानी गर्नु पर्ने ब्यवस्था गरिएको छ ।

**बृहत ग्राहक पहिचान र सरलिकृत ग्राहक पहिचान** : बीमकले विद्युतीय माध्मबाट व्यवसायीक सम्बन्ध कायम गर्ने वा कारोबार गर्ने ग्राहक, उच्च जोखिम देखिएको ग्राहक, उच्च नेटवर्थ भएका ग्राहक, कुनै कसुरजन्य वा शंकास्पद कार्यमा संलग्न हुन सक्ने आधार देखिएका ग्राहक, नगदको बढी प्रयोग हुने व्यवसायमा संलग्न ग्राहकको बृहत ग्राहक पहिचान गर्नुपर्ने ब्यवस्था गरिएको छ । साथै बीमकले एकल बीमाशुल्क वा त्यस्तै प्रकृतिको अन्य बीमालेख वा पचासलाख रूपैयाँ भन्दा बढी बीमाङ्क भएको बचत प्रकृतिको बीमालेख वा विदेशबाट बीमाशुल्क भुक्तानी हुने बीमालेख जारी गर्दा अतिरिक्त उपाय अवलम्बन गर्नुपर्ने ब्यवस्था गरिएको छ । बीमकले कम जोखिम देखिएका ग्राहकको पहिचान गर्दा सरलिकृत ग्राहक पहिचान गर्न सक्नेछ तर यस्तो उपाय अवलम्बन गर्दा समितिबाट स्वीकृति लिनु पर्नेछ ।

**विद्यमान ग्राहकको पहिचान अद्यावधिक गर्नुपर्ने** : विद्यमान ग्राहक तथा वास्तविक धनीको पहिचान तथा सम्पुष्टि समयसापेक्ष रूपमा अद्यावधिक गर्दै लाने ब्यवस्था गर्नु पर्नेछ । बीमकले सम्वत् २०७५ साल चैत्र मसान्तसम्म निर्देशिका बमोजिम ग्राहकको पहिचान अद्यावधिक गर्ने कार्य सम्पन्न गर्नु पर्नेछ । साथै ग्राहक पहिचान अद्यावधिक गर्ने क्रममा यथासक्य प्रयास गर्दा ग्राहकसँग सम्पर्क हुन नसकेमा त्यस्तो ग्राहकको छुट्टै विवरण तयार गरी राख्नु पर्नेछ ।

**सीमा कारोबार सम्बन्धी प्रतिवेदन** : एक वर्षमा तीन लाख रूपैयाँ वा सो भन्दा बढी रकम बीमाशुल्क तिर्नुपर्ने गरी कुनै बीमितले निर्जीवन बीमालेख खरिद गरेमा वा एक वर्षमा एक लाख वा सो भन्दा बढी रकम बीमाशुल्क तिर्नुपर्ने गरी जीवन बीमालेख खरिद गरेमा बीमकले वित्तीय जानकारी इकाईमा तोकिएको ढाँचामा जानकारी पेश गर्नु पर्दछ । पुनर्बीमाको हकमा हालसम्म कुनै ब्यवस्था गरिएको छैन ।

**खास कारोबारमा विशेष ध्यान दिनुपर्ने** : बीमकले एकल बीमाशुल्क भूक्तानी तथा १० लाख भन्दा माथिको समर्पण मूल्य वा ऋण भुक्तानी गर्दा विशेष ध्यान दिने प्रणालीको विकास गरी लागू गर्नु पर्नेछ । सो प्रणाली लागू गरेको जानकारी बीमा समितिलाई दिनु पर्नेछ ।

**शंकास्पद कारोबारको प्रतिवेदन गर्नु पर्ने** : बीमकले ग्राहक, कारोबार वा सम्पत्तिको सम्बन्धमा शंकास्पद गतिविधि देखिएमा वा ग्राहकले शंकास्पद गतिविधि गर्ने प्रयास गरेमा तीन दिनभित्र वित्तीय जानकारी इकाईलाइ शङ्कास्पद कारोबारको विवरण तोकिएको ढाँचामा पेश गनुपर्ने व्यवस्था छ ।

**आन्तरिक नियन्त्रण प्रणाली** : ऐन, नियमावली र यो निर्देशन बमोजिम बीमकले पूरा गर्नुपर्ने दायित्व प्रभावकारी रूपमा पूरा गर्न, गराउन आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली, जनशक्ति, साधन स्रोत समेतको समुचित व्यवस्था मिलाउनको लागि बीमकको संचालक समिति जिम्मेवार हुनुपर्ने ब्यवस्था गरिएको छ । बीमकले ब्यवस्थापनस्तरको कार्यान्वयन अधिकारी नियुक्त गर्नुपर्नेछ र यदि कार्यान्वयन अधिकारी परिवर्तन भएमा बीमा समितिमा र वित्तीय जानकारी इकाईमा जानकारी गराउनु पर्दछ । कर्मचारी र कार्यान्वयन अधिकारीलाई आवश्यकता अनुसार सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी बिषयमा स्वदेश र बिदेशमा तालिम प्रदान गर्नुपर्ने ब्यवस्था गरिएको छ ।

**बीमाशुल्क तथा दावी भूक्तानी** : बीमकले सम्वत् २०७५ चैत्र मसान्तसम्ममा एक लाख रूपैयाँ वा सोभन्दा बढीको बीमाशुल्क स्वीकार गर्दा बैंक, वित्तीय संस्था वा बैंकिङ्ग उपकरण वा पस (Point of Sale) मेशिन मार्फत भुक्तानी लिने व्यवस्था प्रयोग गर्नु पर्नेछ । बीमकले सबै प्रकारको बीमाशुल्क बापतको रकम पस (Point of Sale) मेशिन मार्फत भुक्तानी लिने व्यवस्था गर्दै जानु पर्नेछ । साथै २०७५ साल चैत्र मसान्तसम्ममा बीमालेख अन्तर्गत दावी भुक्तानी गर्दा पचास हजार रूपैयाँ भन्दा बढीको भुक्तानीमा अनिवार्य रूपमा भुक्तानी पाउने व्यक्तिको बैंक वा वित्तीय संस्थामा रहेको खाता मार्फत भुक्तानी गर्नु पर्ने ब्यवस्था गरिएको छ ।

**कारवाही** : ऐन, नियमावली र यस निर्देशनको व्यवस्थाको प्रभावकारी कार्यान्वयन नगर्ने बीमक र त्यस्तो बीमकको कर्मचारी तथा पदाधिकारीलाई बीमकले बीमकको आर्थिक तथा सांगठनिक अवस्था, पालनाका लागि भएका प्रयास र कसुरको गाम्भिर्यता समेतको विचार गरी प्रभावकारी, आनुपातिक र निरोधात्मक हुने गरी रू एक करोड सम्म कारवाही हुन सक्ने ब्यवस्था गरिएको छ ।

**उपसंहार**

यसरी, सम्पत्ति शुद्धिकरण (मनि लाउन्डरिङ्ग) निवारण सम्बन्धमा प्रचलित ऐन, नियमावली साथै अन्तराष्ट्रिय प्रचलनलाई समेत आधार बनाइ तयार गरिएको "शुद्धिकरण तथा आतङ्कवाद क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७५" ले बीमा क्षेत्रमा भईरहेका सम्पत्ति शुद्धिकरण सम्बन्धी कृयाकलापहरूको पहिचान गरि कानुनी कारवाहिको दायरामा ल्याउन प्रभावकारी संयन्त्रको रूपमा कार्य गर्ने आशा गर्न सकिन्छ । यस बाहेक पनि बीमकले सम्पत्ति शुद्दिकरण निवारण सम्बन्धी बिद्यमान कानुनी ब्यवस्थाहरूको प्रभावकारी रूपमा पालना गरे नगरेको यकिन गर्न स्थलगत तथा गैर स्थलगत निरीक्षणहरू पनि गर्दै आइरहेको छ र यस्ता निरिक्षणहरूलाई अझै प्रभावकारी बनाउने नीति समेत अवलम्बन गर्दै आएको छ ।

बीमा क्षेत्रमा अन्य वित्तीय क्षेत्रहरूमा जस्तै सम्पत्ति शुद्धिकरण निवारणको लागि प्रभावकारी प्रणालिहरूको बिकास गर्दै लान आवश्यक छ । सन् २०२० मा FATF ले नेपालको पनि तेश्रो चरणको Mutual Evaluation गर्नेछ । सन् २०११ को Evaluation मा नेपालले FATF को ४० वटा मापदण्डहरूमध्ये एउटा मापदण्ड मात्र पूर्ण रूपमा पालना गरेको देखिएको थियो । बीमा क्षेत्रमा सम्पत्ति शुद्धिकरण निवारणको लागि बनेका ऐन नियमहरूको प्रभावकारी कार्यान्वयन नभएको खण्डमा समग्र वितीय प्रणालीको मूल्यांकनमा नै नकारात्मक असर पर्ने हुंदा बीमा समिति र बीमकहरूले समयमै पहल गर्न अत्यन्त आवश्यक देखिन्छ ।

# लघु बीमालेख



✍ कुन्दन सापकोटा*

दैनिक जीवनमा भवितव्य घट्नाको संभावना सधै रहिरहन्छ । सोहि सम्भावनाले नै मानव जीवन जोखिम रहित छैन । जोखिमको कारणले हुने आर्थिक नोक्सानीको आधुनिक व्यवस्थापनको प्रणाली नै बीमा हो । यसै कारण बीमा दैनिक जीवनको अभिन्न अंगको रूपमा रहेको छ । नेपालको परिप्रेक्ष्यमा आ.व.२०७३।७४ को तथ्याङ्कलाई हेर्ने हो भने कुल जनसंख्याको १०.५६ प्रतिशतले जीवन बीमा गरेको देखिन्छ । स्पष्ट छ, धेरै नेपाली जनसंख्या बीमाको रक्षावरण बाहिर छन । अझ त्यस माथि ग्रामिण क्षेत्रमा वसोबास गर्ने न्यून आय भएका समूहको बीमामा पहुँच झनै कम छन । यस्ता क्षेत्रमा बसोवास गर्ने व्यक्ति तथा तिनीहरूको सम्पत्तिको सुरक्षण गर्नु राज्यको दायित्व हो । यस्ता क्षेत्रमा बस्ने व्यक्तिहरू तथा तीनका सम्पत्तिहरू वर्षेनी आउने बाढी, पहिरो हुरी, बतास आदि जस्ता प्राकृतिक बिपत्तिको चपेटाबाट अछुतो रहन सकेका छैन् । राज्यबाट गरिने बिभिन्न प्रयासका वाबजुद यस्ता प्राकृतिक प्रकोपका कारण उनीहरूको जीवनस्तरमा उल्लेखनीय सुधार हुन सकिरहेको छैन । यस्तो अवस्थामा बीमाको माध्यमले ती वर्गलाई केहि सुरक्षा प्रदान गरी उनीहरूको जीवनस्तरमा स्थीरता ल्याउन मद्दत पुग्दछ । अतः यस्तो वर्गको सुरक्षालाई ध्यानमा राख्दै नेपालमा लघु बीमाको शुरूवात गर्न अत्यन्त जरूरी देखिएको तथ्यलाई मनन गर्दै बीमा समितिबाट २०७१ सालमा "लघु बीमा निर्देशिका, २०७१" जारी गरी विधिवत रूपमा लघु बीमाको शुरूवात गरियो । उक्त निर्देशिका अनुसार "लघुबीमा व्यवसाय" भन्नाले न्यून आय, आर्थिक, सामाजिक तथा भौगोलिक कारणबाट जोखिमोन्मुख बर्गका ब्यक्ति तथा समुदायलाई लक्षित गरी निजहरूको जीवन तथा सम्पत्तिको सुरक्षण गर्न यस निर्देशिका बमोजिम गरिने बीमा व्यवसाय सम्झनु पर्छ । जसलाई अर्को शब्दमा भन्नु पर्दा हाल प्रचलनमा रहेका परम्परागत बीमाले समेट्न नसकेको वर्गलाई लक्षित गरी बीमाको दायारा भित्र समेट्ने प्रयास हो ।

यस निर्देशिकामा आधार रहि समितिबाट विभिन्न लघु बीमालेखहरू तयार गरी जारी गरिएको छ । न्यून आय भएका ब्यक्तिहरू नै लघु बीमाको लक्षित समूह हुन । यस वर्गलाई बुझ्न र बीमा गर्न सजिलो होस भन्ने अभिप्रायले समितिबाट विभिन्न लघु बीमालेखहरू तयार गरी जारी गरीएको छ । बीमालेख तयार गर्दा सरल भाषा, कम अपवाद, बीमा गर्दा तथा बीमा दावीमा कम कागजी प्रकृया आदि जस्ता कुरालाई विशेष ध्यान दिई बीमालेख तयार गरिएको छ । बीमा समितिद्वारा निर्माण गरी जारी गरिएका बीमालेखका प्रकारहरू निम्न रहेका छन् :

**सावधिक लघु जीवन बीमालेख :-**

सावधिक लघु बीमा जीवन बीमा अन्तर्गत पर्दछ । यस बीमाले व्यक्तिको जीवनको जोखिमको रक्षावरणको साथ साथै नियमित रूपमा बचत गर्ने बानी बसाल्न समेत सहयोग गर्छ । बीमित जीवित रहेमा स्वयम् बीमितले बीमाङ्क रकम पाउने गरी वा बीमा परिवक्क हुनुपूर्व बीमितको मृत्यु भएमा इच्छाइएको व्यक्तिले बीमाङ्क रकम पाउने गरी गरिएको बीमा नै सावधिक लघु बीमा जीवन हो । त्यसैगरी बीमालेख वापतको बीमाशुल्क आˆनो सहजता अनुसार वार्षिक/अर्धवार्षिक/त्रैमासिक रूपमा भुक्तानी गर्न सकिन्छ । यस बीमालेखमा बीमालेखमा बीमित/प्रस्तावक तथा इच्छाईएको ब्यक्तिको नाम, थर, ठेगाना, इच्छाइएको व्यक्तिको नाम, थर, ठेगाना, र फोन नं. उल्लेख गरिएको हुन्छ । अधिकतम उमेर ६० वर्ष सम्म भएका व्यक्तिले यो बीमालेख लिन सक्दछन् । यस बीमालेख अन्तर्गत रकम दश (१०) हजार रूपैयाँ देखि एक (१) लाख रूपैयाँसम्मको बीमाङ्क राखी बीमा गर्न सक्ने व्यवस्था गरिएको छ । बीमालेख नागरिकता वा नेपाल सरकारले जारी गरेको उमेर खुल्ने फोटो सहितको कागजात पेश गरी यो बीमालेख लिन सक्ने व्यवस्था गरिएको छ । यस बीमालेख बीमा गरेको दुई (२) वर्ष पश्चात बीमालेखलाई चुक्ता मूल्य वा समर्पण मूल्यमा परिवर्तन गर्न सकिन्छ । त्यसै गरी आवश्यक परेको खण्डमा समर्पण मूल्यको नब्बे (९०) प्रतिशत सम्म कर्जा लिन सकिने प्रावधान समेत रहेको छ ।

यस बीमालेख अन्तर्गत बीमालेख व्यतित हुनुपूर्व बीमा दावी परेमा यथाशिघ्र बीमकलाई खबर गर्नुपर्दछ । साथै, दावी प्रकृयाको लागी सक्कल बीमालेख, दावी फाराम, नाता प्रमाणित कागजपत्र, मृत्यु दर्ता प्रमाणपत्र जस्ता कागजातहरू

* उप निर्देशक, बीमा समिति ।

बीमक समक्ष पेश गर्नुपर्ने हुन्छ ।

यो बीमालेख लिएको ब्यक्तिले कानून उल्लघंन गरी वा युद्ध जस्ता कार्यमा संलग्न भई मृत्यु भएमा वा बीमा शुरू भएको दुई (२) वर्ष भित्र आफै घात वा आत्महत्या गरी मृत्यु भएमा यो बीमालेखले रक्षावरण गर्दैन ।

**म्यादि लघु जीवन बीमालेख :-**

म्यादि लघु जीवन बीमालेख जीवन बीमा अन्तर्गतको बीमा भएता पनि यो सावधिक बीमालेख भन्दा भिन्न किसिमको बीमा हो । यस बीमालेख अन्तर्गत निश्चित बीमाशुल्क तिरी सिमित अवधिको लागि बीमा रक्षावरण प्राप्त गर्न सकिन्छ । यो बीमालेख सामान्यतः ऋणी र आसामी बीच ऋण अवधि भरका लागि मात्र गरिन्छ । म्यादी बीमालेख सावधिक बीमालेख भन्दा सस्तो बीमालेख हो । बीमा अवधि भित्र बीमितको मृत्यु भएमा मात्र यस बीमालेख अन्तर्गत प्राप्त गर्ने लाभ लाभग्राहीले प्राप्त गर्न सक्दछन् । बीमितको मृत्यु नभएमा कुनै पनि सुविधा प्राप्त गर्न सकिदैन र बीमालेखलाई पून अर्को अवधिको लागि नविकरण गर्न सकिन्छ । बीमाङ्क रकम नघटी एकमुष्ट बीमाशुल्क तिर्नु पर्नेलाई समतल म्यादी जीवन बीमा र बीमाङ्क घट्दै जानेलाई ह्रासकट्टी म्यादी जीवन बीमा भनिन्छ । यस बीमालेख अन्तर्गत कुनै पनि ऋण (कर्जा) सुविधा प्राप्त गर्न सकिदैन । बीमितहरूको सुविधालाई ध्यानमा राखी बीमाशुल्क मासिक/त्रैमासिक/अर्धवार्षिक/बार्षिक रूपमा तिर्न सक्ने व्यवस्था गरिएको छ ।

बीमकहरूबाट जारी भएको बीमालेखहरूमा सुविधाहरू फरक फरक भएता पनि यस समितिबाट जारी भएको बीमालेख अन्तर्गत बीमितको मृत्यु भएको अवस्थामा बाहेक बीमा अवधि भित्र दुर्घटनाको कारणबाट शारीरिक हानी नोक्सानी भएमा बीमालेखमा उल्लेख भए अनुसार सुविधा प्राप्त गर्न सकिन्छ । जस्तैः- स्थायी पूर्ण अशक्तता भएमा वा निको नहुने गरी दुवै आँखाको दृष्टि गुमेमा एक (१) लाखको क्षतिपूर्ति प्राप्त गर्न सकिन्छ । यस बीमालेखको अर्को बिशेषता भनेको बीमितको मृत्यु भएमा दाह संस्कार खर्च वापत रकम रू. दश (१०) हजार प्रदान गरिन्छ ।

यस बीमालेख अन्तर्गत दावी गर्नुपर्ने अवस्था सृजना भएमा बीमकलाई यथासक्य छिटो खबर गरी सक्कल बीमालेख, दावी फाराम, सर्जमिन मुचुल्का, नाता प्रमाणित, मृत्यु दर्ता प्रमाणपत्र जस्ता कागजात बीमक समक्ष पेश गर्नु पर्दछ । दुर्घटना भई अङ्ग भङ्ग भएको अवस्थामा चिकित्सकद्वारा प्रमाणित कागजात समेत पेश गर्नु पर्छ ।

**व्यक्तिगत दुर्घटना बीमालेख :-**

बीमितलाई दुर्घटनाको कारणबाट कुनै शारीरिक क्षति वा निजको मृत्यु भएमा बीमालेखमा उल्लेख भए सम्मको बीमाङ्क रकम भुक्तानी पाउने गरी गरिने बीमा दुर्घटना बीमा हो । दुर्घटना भन्नाले बाहिरी आँखाले देख्न सकिने आकस्मिक तथा प्रबल रूपमा भएको घटनालाई सम्झनु पर्दछ ।

यस बीमालेख अन्तर्गत दुर्घटनाको कारणबाट चोटपटक लागि दुर्घटना भएको मितिबाट ३६५ दिन भित्र मृत्यु भएमा बीमाङ्क बराबर रकम भुक्तानी गरिन्छ । त्यसैगरी दुवै आँखाको दृष्य शक्ति वा दुवै हात वा दुवै खुट्टा पूर्ण वा अपुरणीय क्षति भएमा समेत बीमाङ्क बराबरको रकम भुक्तानी गरिन्छ । साथै एउटा आँखाको दृष्य वा एउटा हात वा एउटा खुट्टा पूर्ण वा अपुरणीय क्षति भएमा बीमाङ्कको पचास प्रतिशत (५०%) रकम भुक्तानी गरिन्छ । तर स्थायी रूपमा आंशिक अशक्तता भएमा चिकित्सकले निर्धारण गरेको आधारमा रकम भुक्तानी गरिन्छ ।

दुर्घटना भई औषधोपचार गराउनु पर्ने अवस्थामा बीमाङ्क रकमको पच्चिस प्रतिशत (२५)% सम्म प्राप्त गर्न सकिन्छ । बीमा अवधि भरी जति पटक दावी भएता पनि बीमाङ्क रकम भन्दा बढी सुविधा प्राप्त गर्न भने सकिने छैन । यो बीमालेखको लाभ अठार (१८) वर्ष देखि पैंसठ्ठी (६५) वर्ष सम्मको व्यक्तिले लिन सक्दछन् र यसको अधिकितम बीमाङ्क रकम रू.१,५०,०००।- रहेको छ ।

यस बीमालेख अन्तर्गत आफैले गराएको चोट पटक, लागू पदार्थ सेवनको कारणबाट हुन गएको चोट पटक, जोखिमपूर्ण खेलको कारणबाट भएको चोट, कानून उल्लंघन गर्दा भएको चोटपटक, प्रसुति वा गर्भधारणको कारणबाट हुने मृत्यु जस्तालाई यस बीमालेखले रक्षावरण गर्दैन ।

**ग्राहस्थ बीमालेख :-**

पहाडी क्षेत्रमा बर्षेनी आउने बाढी पहिरो तथा तराई क्षेत्रमा लाग्ने आगलागी कारणबाट भवन वा झुपडी वा सो मा रहेको सम्पत्तिमा धेरै नै हानी, नोक्सानी हुने गरेको छ । यस्ता कारणबाट हुने हानी नोक्सानी विरूद्ध गरिने बीमा ग्राहस्थ बीमा हो । यस बीमालेख अन्तर्गत अग्नी, चट्याङ्ग, भुँईचालो, बाढी, सवारी साधन जस्ता कारणबाट भवन वा झुपडी वा त्यसमा रहेका सम्पत्तिको हानी नोक्सानी भएमा क्षतिपूर्ति प्रदान गर्दछ । यस बीमालेख अन्तर्गत झुपडी भन्नाले खरले छाएको माटोले लिपी टाटले बेरिएको ब्यक्ति बसोबास गर्ने स्थानलाई बुझाउँदछ । यस बीमालेखले भवन वा झुपडीको साथ साथै बाली तथा कृषि तथा पेशागत कार्यको लागि प्रयोग हुने औजार समेतको रक्षावरण गर्ने यस बीमालेखको विशेषता हो । साथै, भवन वा झुपडीमा प्रयोग हुने भाँडाकुडाँहरू देखि मनोरञ्जनको रूपमा प्रयोग हुने टेलिभिजनको रक्षावरण गर्दछ । त्यसैगरी सौर्य बत्ति जडान गरी प्रयोग गरिएको छ भने सो समेतको यस बीमालेखले रक्षावरण गर्दछ ।

यस बीमालेख अन्तर्गत बीमा गरिएको भवन वा झुपडीको रकम रू.५०० सम्म क्षति भएमा भवन वा झुपडी धनी आफैले व्यहोर्नु पर्छ । साथै, बीमित वा निजको स्थायी

रूपमा बसोबास गर्ने पारिवारिक सदस्यको लापरवाही वा जानाजानको कारणबाट हानी नोक्सानी भएमा समेत बीमकले क्षतिपूर्ति प्रदान गर्दैन । साथै, दावी प्रकृयाको लागी सक्कल बीमालेख, दावी फाराम, गाँउपालिका वा नगरपालिका वा वडा कार्यालयबाट क्षति भएको प्रमाणपत्र, मुचुल्का जस्ता कागजात बीमक समक्ष पेश गर्नु पर्नेछ ।

**स्वास्थ्य लघु बीमालेख** :-

रोग वा बिमारीको कारणबाट धेरै मानिसहरूको अकालमै मृत्यु हुने गरेको पाइन्छ । यस्तो हुनुको मुख्य कारण आर्थिक अवस्था, भौगोलिक अवस्था तथा समयमा उपचार प्राप्त नहुन रहेको छ । आजको समयमा सामान्य नागरिकको लागि उपचार निक्कै महंगो भएको छ । बीमालेखको अवधि भित्र बीमित ब्यक्तिलाई कुनै वा दुर्घटनाको कारणबाट अस्पतालमा भर्ना भई वा नभई उपचार गरेमा बीमालेखमा उल्लेख भए वमोजिमको सुरक्षण प्राप्त गर्न यो बीमा लिन सकिन्छ । यस बीमालेखले एलोप्याथिक उपचार मात्र रक्षावरण गर्दछ ।

यस बीमालेख अन्तर्गत एक पटकको चोटपटक/बिरामी भई उपचार गरेको अवस्थामा अधिकतम रकम रू.१५,०००/- मात्र बराबरको रक्षावरण हुनेछ । बीमित घरमूलीको कुनै रोग वा बिरामी वा दुर्घटनाको कारणबाट १८३ दिन भित्र मृत्यु भएमा बीमाङ्कको सिमा भित्र रहि रकम रू. २०,०००/- सम्म उपचार वापत भुक्तानी गरिनेछ । यसरी भर्ना भई उपचार गर्नु परेको अवस्थामा प्रति दिन रू. १००/- का दरले पन्ध्र दिन सम्मको भुक्तानी दिईनेछ । अस्पताल जाँदा एम्बुलेन्स प्रयोग गरिएको खण्डमा सो वापत रू. ७००/- सम्म भुक्तानी दिईनेछ ।

यस बीमालेख अन्तर्गत जानी जानी आफै लगाएको चोट वा आत्महत्याको प्रयासबाट वा यौन रोग वा एड्स (AIDS) सँग सम्बन्धित कुनै पनि रोग, सौन्दर्य बृद्धिको लागि चिकित्सा वा सर्जरी सौन्दर्य प्रसाधनहरू वा मादक पदार्थ वा लागु औषधिको प्रभावको कारणबाट हुने कुनै पनि चोटपटक/बिरामी भई उपचार गरेको अवस्थामा अपवादको रूपमा रहेका छन् ।

हाल सम्म यस समितिबाट जारी भएका बीमालेख तथा तीनको बीमाशुल्क यस प्रकार रहेका छन् ।

**लघु बीमाको किसिम, बीमाशुल्क र कमिशन सम्बन्धी व्यवस्था**

| क्र.सं. | लघुबीमाको किसिम | अधिकतम बीमाङ्क | बीमा शुल्क (%) | कमिशन |
|---|---|---|---|---|
| १. | गार्हस्थ लघुबीमा | २,००,०००।- | ०.२५% | १५ % |
| २. | स्वास्थ्य लघुबीमा | ३५,०००।-(प्रति परिवार) (बढीमा ५ जना सदस्य र हने) | ४ % | १५ % |
| ३. | दुर्घटना लघुबीमा | १,५०,०००।- | ०.१ % | १५ % |
| ४. | पशु तथा पन्छी लघुबीमा | १,५०,०००।- | ५ % | १५ % |
| ५. | बाली लघुबीमा | ५०,०००।- (लागतमा) | ५ % | १५ % |
| ६. | म्यादी लघु जीवन बीमा | १,५०,०००।- | उमेर अनुसार | तोकिए बमोजिम |
| ७. | सावधिक लघु जीवन बीमा | १,००,०००।- | उमेर अनुसार | तोकिए बमोजिम |

**उत्पादनमा आधारित तरकारी खेती बीमालेख जारी गरिएको हँदा आफ्नो तरकारी बालीको बीमा गरी सम्भावित जोखिमबाट सुरक्षित रहन सम्बन्धित सबैको जानकारीको लागि सुचित गरिन्छ ।**

# Insurance: A tool to manage risks of natural catastrophes (NatCats) affecting MSMEs

✍ *GIZ - RFPI Asia* *

GIZ RFPI Asia Project[1]and the MEFIN[2] Network embarked on the production and promotion of DRIM so that it can be used by multi-stakeholders in bridging the NatCat insurance protection gap for SMEs, align resources for DRI with disaster risk management (DRM) plans of a country and in the case of Nepal, support the country in its commitment to the Sendai Framework for Disaster Risk Reduction. Decision-makers are encouraged to utilize local contexts and resources in assessing disaster risk management plans and proposing insurance options, to promote sustainability.

The DRIM, short for "Bridging the Protection Gap on Natural Catastrophe Insurance for MSMEs in Agriculture and Other Sectors: A Manual for Public and Private Decision Makers", is a learning manual derived from a report published in 2015, entitled "Diagnostic Toolkit for Insurance Against Natural Catastrophes for MSMEs in the Agricultural and Other Sectors[3]". There was a request for a simple, easy to follow guideline, thus the DRIM. The manual has been tested in Vietnam, Nepal, Mongolia and Philippines, is finalized and will be launched in January 2018, during the 4th MEFIN Public Private Dialogue in Makati City, Philippines.

1 The GIZ Regulatory Framework Promotion of Pro-poor Insurance Markets in Asia (RFPI Asia II) improves access to insurance by building capacities for insurance regulation and supervision and promoting development of innovative insurance solutions for the low-income people. It is a regional project supported by the Ministry for Cooperation and Development (BMZ) of the Federal Republic of Germany. It is currently working in Indonesia, Mongolia, Nepal, Pakistan, Philippines, Sri Lanka and Vietnam. Project duration is January 2016 to December 2018 and it is based in the Philippines. For more info, visit www.inclusiveinsuranceasia.com.

2 MEFIN is a Network of insurance regulatory authorities in Asia working for a peer-to-peer exchange of knowledge and experiences with the insurance industry. For more info, visit www.mefin.org

3 http://www.inclusiveinsuranceasia.com/docs/Toolkit_Publication_Final.pdf

* *GIZ Regulatory Framework on Pro-Por Insurance - Asia*

**Climate Change[4]**

During the past few decades, the world witnessed an increasing number and intensity of extreme weather events, such as flooding, droughts, typhoons, cyclones, or significant variability in temperatures. International scholars and meteorological organizations could attribute many of these occurrences to be caused by climate change. Furthermore, they are certain that there is a clear correlation between climate change and the increasing frequency and intensity of these events. Climate change is defined by the United Nations Framework Convention on Climate Change (UNFCCC) as:

*A change of climate which is attributed directly or indirectly to human activity that alters the composition of the global atmosphere and which is in addition to natural climate variability observed over comparable time periods.*

Research proved that it is extremely likely (95% confidence) that human activities are responsible for the sharp increase in greenhouse gas (GHG)[5] emissions, since 1951 and thus the main driver of climate change. The presence of excessive amounts of GHG in the earth's atmosphere prevents the heat of sun rays from dissipating into space. The heat instead is absorbed

4 Green Economic Development (GED) Reference Document is produced by GIZ ProGED Project in 2015. The Promotion of Green Economic Development (ProGED) Project is a three year project (2013 to 2015) jointly implemented by the Regional Operations Group (ROG) of the Department of Trade and Industry (DTI) and the Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH, financed by the Federal Ministry for Economic Cooperation and Development (BMZ) of the Federal Government of Germany. See link: http://greeneconomy.ph/wp-content/uploads/2016/02/ProGED_Reference_for_WEB.pdf

5 Greenhouse gas is a natural part of the atmosphere. It absorbs solar radiation and keeps the earth warm enough to support life. Human activities including burning fossil fuels for energy, land clearing and agriculture have increased the amount of greenhouse gas in the atmosphere. (http://www.climatechange.vic.gov.au/greenhouse-gas-emissions)

into the earth's surface thereby causing the earth's temperature to rise. Other factors include reduced capacity of the oceans to absorb GHG, defrosting of permafrost soil that save large reserves of methane, reduced surface ice cover and thus a reduced capacity to reflect sun rays back to the atmosphere, and deforestation. The combination of these events and the earth's cyclical temperature changes and human activity have resulted in an average temperature increase of 0.8° Celsius since 1880, two thirds of which have occurred since 1975 at a rate of 0.15 - .20° Celsius per decade.[6]

The Intergovernmental Panel for Climate Change (IPCC) Working Group II released the Fifth Assessment Report (April 2014), building on the earlier version published in 2007 and the Special Report on Managing the Risks of Extreme Events and Disasters to Advance Climate Change Adaptation. It sends out a very clear message that negative impacts of climate change are likely to increase significantly and that inactivity to tackle the causes of climate change further enhances these risks. The IPCC states that the world will "see more and more impacts *faster* and *sooner* than had been anticipated".

Climate change is expected to impact nearly all human and natural systems around the globe. These impacts include, among others, shifts in climate and agricultural zones, loss of biodiversity, water scarcity in some regions, increases in vector born diseases, intensified extreme weather events, and sea level rise. Developing countries are considered to be particularly vulnerable to climate change and are likely to be disproportionately more affected by impacts such as an increased frequency and intensity of extreme weather events. Adaptation to and recovery from these impacts will put a significant financial burden on governments and its citizens. Particularly, already marginalized groups in these society are likely to suffer most.

Nepal is one of the Twenty most disaster-prone countries. It stands at 11th position in term of earthquake, 30th position in term of water induced vulnerability and 4th position in term of climate change. It's vulnerability to effects of climate change is exacerbated by its young geology, growing mountains, difficult terrain/steep slopes and large population below poverty line.[7]

**Micro Small and Medium Enterprises**

The impact of SMEs on the economy of a country and of the world has long been recognized. Studies have shown that SMEs' contribution to the economy in terms of income, output and employment is significant. SMEs contribute to economic growth in both high and low-income countries by sustaining employment and contributing to GDP.

There are around 800,000 micro and SMEs in Nepal, both in the formal and informal economies. SMEs comprise 98% of businesses in the country and provide 82 % of employment and contribute 82% to export earnings. 76% of them are in agro and 24% in non-agro sectors.[8]

**MSMEs and Climate Change**

Given the important role that SMEs play in national and global economies, the effects of climate change, such as natural catastrophes, negatively affect the economy at various levels and various sectors.

Four out of five small and medium-sized enterprises (SMEs) fear the impact of climate change on their businesses. The Zurich Insurance Group's 2016 Annual Global SME Survey found this with nearly 78 percent of surveyed SMEs expecting *"risks associated with climate change to have a significant effect on their business".*

The limited resources of SMEs particularly in many developing and emerging countries make them highly vulnerable to NatCat as the former challenges the easy and quick continuation of smaller enterprises' business operations following a devastating weather disturbance. These NatCats' adverse impacts on agriculture and food security are highlighted in the November 2015 Food and Agriculture Organization (FAO) study report that presents the results of 78 needs assessments undertaken after major disasters from 2003 to 2013 in 48 countries in Africa, Asia and the Pacific, Latin America and the Caribbean.[9]

**M SMEs NatCat Risks and Insurance**

In order to improve SMEs' disaster resilience, especially in countries with high climate change vulnerability, the promotion of insurance as a NatCat risk mitigation instrument is now being aggressively explored and pursued. *"Increasing frequency and severity of NatCat ... can be counterbalanced by the timely adoption of national strategies of insurance and other forms of disaster risk management (DRM) mechanisms".*[10]

---

6 http://earthobservatory.nasa.gov/Features/WorldOfChange/decadaltemp.php

7 Presentation of Undersecretary Chakra Pani Pandey during the DRIM Training Workshop in Kathmandu, Nepal on 04 September 2017

8 Presentation by Rajan Sharma, President, Nepal Freight Forwarders Association and Member of Nepal Trade and Transit Facilitation Committee of the Ministry of Commerce and Supplies, the Government of Nepal to the UNESCAP; http://www.unescap.org/sites/default/files/6.%20Mr.%20Rajan%20Sharma%20_%20NEFFA%20Nepal.pdf

9 DRIM Manual produced by GIZ RFPI for now exclusively available for MEFIN members; finalized manual will be published online in January 2018

10 DRIM Manual produced by GIZ RFPI for now exclusively available for MEFIN members; finalized manual will be

Mr Bhoj Raj Sharma of the Beema Samiti shared during the DRIM Training Workshop that climate change factors have affected Nepal, especially those in the Himalayan areas. These catastrophic events led to loss of lives, loss of properties, loss of agricultural crops and cattle, widespread health problems, water problems and displacements and migration. He emphasized that NatCats affect all. However, the most affected and vulnerable are those having low income and living below poverty lines. Many of them live in slopy and steep hills prone to landslides and near the river banks prone to floods. Once their huts/home and properties are washed out, it is not easily possible to them to restore their lost/damaged property.

The main objective of insurance is to restore the economic status of their insured to their conditions before the event occurred and that people should be aware of the importance of insurance and should have taken the insurance protection during normal times. With insurance claims, the insured are able to restore their lost properties, the families of the dead will get economic relief, insurance proceeds are utilized to pay off the loan of lending institution which enables the insured to retain their credibility for further loans. Hence, insurance is an important risk transfer tool to those exposed or vulnerable to catastrophes.

"Bridging the Protection Gap on Natural Catastrophe Insurance for MSMEs in Agriculture and Other Sectors: A Manual for Public and Private Decision Makers" is an instrument in the formulation of this risk transfer mechanism. The manual seeks to:

- Explain the importance of the recommended four-step analytical framework towards using insurance as a disaster risk insurance (DRI) option;
- Undertake risk assessment by conducting hazards analysis, vulnerability assessment and impact estimation;
- Perform DRM analysis that considers prevention and reduction, mitigation and coping measures;
- Identify gaps in consideration of DRM strategies – their scope and characteristics, conducting performance analysis and matching risks and strategies;
- Explore insurance as a DRF option through the appreciation of its scope within the integrated risk management (IRM) approach.

It contains guides for users, summary of topics per chapter, concrete examples from different countries, and internet links for references and guide questions for different streams of stakeholders: government agencies, insurance companies and MSMEs.

**The MEFIN Network**

The DRIM was introduced and implemented in Nepalas one of the planned activities under the MEFIN Technical Working Group on Capacity Development (TCB). The MEFIN Network is a network of insurance regulatory authorities in Asia working for a peer-to-peer exchange of knowledge and experiences with the insurance industry towards promotion of inclusive insurance. Nepal is one of the seven member-countries of the network, together with Indonesia, Mongolia, Pakistan, Philippines, Sri Lanka and Vietnam. The network was formed in 2013, when several regulators from Asia decided to work together towards finding insurance resolutions for the low-income sector. GIZ RFPI Asia serves as secretariat to the Network.

As member of the MEFIN Network, Beema Samiti and some private sector representatives of the insurance industry in Nepal, have the opportunity to learn and exchange knowledge with industry regulators from other others through the MEFIN Public Private Dialogue on Inclusive Insurance (MEFIN PPD). MEFIN have conducted PPDs in the Philippines, Vietnam and Mongolia and next in the pipeline are 4th PPD in the Philippines and 5th in Mongolia.

Beema Samiti as regulator also gets the opportunity to apply regulatory instruments that help them promote inclusive insurance, just like the recently concluded Regulatory Impact Assessment (RIA)[11] conducted in Nepal in September 2017. Here, the insurance regulators, sectoral ministries (ie agriculture and livestock development), insurance companies, intermediaries and support institutions, cooperatives, businesses and farmers are able to discuss the impact of microinsurance regulation in terms of bringing in new businesses, institutional development and client value. The insurance companies also learn from the innovative business models shared by industry players from other countries.

The MEFIN Network just recently created a new technical working group on Disaster Risk Insurance (TDRI). The overall objective of the TWG is to undertake peer to peer exchange on DRI regulatory and policy developments among MEFIN countries, to assess their impacts on its DRI market and to recommend new business models, for the advancement of DRI insurance. The TDRI will lead the work on the follow up actions after the DRIM training conducted in the member countries, especially on product development of disaster risk insurance products.

**Way Forward**

The DRIM Training Workshop attended by stakeholders in bridging the NatCat insurance protection gap for MSMEs was an opportunity for dialogue between the public and the private sector as well as collaboration among different line agencies. The Beema Samiti committed to move forward the key agreements and recommendations including policy/regulatory changes within relevant government agencies to encourage private sector to offer innovative DRI products, commitment of insurance companies to dialogue with government and work with each other to be able to offer products not only on the production side but in the whole value chain of an agricultural product.

published online in January 2018

11 RIA Report for Nepal will be published in the MEFIN website in January 2018; check out www.mefin.org

# Doctrine of Proximate cause: An Assessment and application in insurance contract



✍ *Raj Kumar Aryal* *

**Introduction**

It is necessary in insurance contract to state the peril against to which the protection is given. This is the way to ascertain that the intention of the parties is clearly defined. It would be appearing to be the simple attar to understand what is meant by insurance against property life and liability perils, their beginning and ends. All types of insurance contracts are subject to the conditions that states certain cause of losses are covered or that certain results of an otherwise insured peril are excluded. To acknowledge the covered peril, excluded peril at the inception of the contract and to ascertain the relation of an event resulting loss at the time of claim the principle of proximate cause is strictly used in insurance contract.

Definition

It is not sufficient in order that an insured should recover a loss that the loss falls with in the cover provided as a matter of expectation or definition. Claimant must justify that the loss was proximately caused by an insured peril. A proximate cause does not, however, mean the last cause, but the efficient, dominant and real cause[1]. Working out what is the proximate cause in any situation is strictly a question of fact. The decided cases can not be binding but are merely illustration. It should be noted that the doctrine can be excluded by the appropriate wording[2]. It is to be noted that determining the proximate cause of loss is simply the application of common sense and in many cases that would appear to be so. An illustration to this extend is a shopkeeper insured his plate glass against loss or damage arising from any cause except fire. Fire broke out in a neighbor's property, as a result of which a mob gathered. The mob then rioted and broke the plate glass, it was decided that the riot not the fire was the proximate cause[3].

Proximate cause meant the active, efficient cause that sets in motion a train of event which brings about a result, without the intervention of any force started and working actively from a new and independent source.[4] Or proximate cause is not necessarily the first cause, or the last cause; it is the dominant cause or efficient or operative cause.[5] Stating that a cause is active and efficient means that there is a direct link between a cause and result and the cause is strong enough that in each stage of the event in the series will be, until the result under consideration takes place. If there are several causes operating, the proximate one will be the dominant or most forceful one operating to bring about the result. Thus by proximate cause is not meant the latest but the direct, dominant operative and efficient one. If it is the peril excluded insurer are not liable. A loss may be combined effect of number of causes, one direct or dominant cause must be identified.

The maxim " Causa Proxima not remota spactuter " Must be understood to have this meaning[6]. Where the assured, a poacher, who firing to scare the assured off accidentally killed him, held the death was indirectly caused by assured illegal act; it was faceable result to it. Exception to this rule is the express word by the parties to the contract. Where a policy against death by accident excepted death" directly or indirectly caused by war " for an indirect proximate cause is an absurdity, held that an officer who was killed by a train when visiting his sentries could not take advantage of the policy though the train was the proximate cause of his death. Similarly, accidental death policy issued to the foreign employee provides benefit of any kind by virtue of foreign employment Act 2064.

If there is more real cause, one must be chosen as proximate cause. The modern view is concurrent proximate cause of loss, and in such cases ability of assured to recover will depend upon whether one of the concurrent causes is excluded peril. Where insurance policy provided cover for the loss caused by an accident, but specifically excluded liability for the damage caused by the nature or condition of the goods supplied by the assured. Premises were destroyed as a result of installation of defective equipment by the assured. The court of appeal held that the installation of the defective equipment was the proximate cause of loss hence the recovery was not possible[7]. But that the case could have equally been decided on the ground that the installation of equipment and the failure to monitor it were concurrent causes of the loss that the specific exclusion

1 Belker,Geay and co v London Assurance corporation (1918) AC 101
2 Dei v Foster(1982)2 Lloyds Report 170
3 Marsden v City and County INsurance (865) LRI CP 232
4 Powsey v Scottish Union and National 1908)

* Deputy CEO, Sun Life Insurance Co. Ltd.

5 P Samuel and company v Dumas 1924
6 Samuel v Dumas 1923
7 Wayne Tank co. v Employer's Liability limited

relating to equipment precluded recovery. It may be different where the concurrent causes of loss are not excluded peril. An un-seaworthy vessel sank in adverse weather conditions in which a seaworthy vessel could have been able to withstand. The loss had concurrent cause; Un-seaworthiness, which was not, excluded peril but which nevertheless didn't fall within the policy and peril of the sea, a peril covered by the policy[8].

The explanation of the proximate cause given by Indian Supreme court would be relevant at this juncture .In SK export Pvt. Ltd v New India Assurance Company Limited, Lord Shaw observed[9]

"In this way the discussion of Causa Proxima is very relevant and its ascertainment is very vital. In my opinion, too much refinement have been made in this subject. The doctrine of cause have been since the time of Aristotle, and the famous category of material, formal, efficient and final cause, one involving the subtlest of distinctions. The doctrine applied in these to existences rather than to occurrences or the production of an event or bringing about a result is an idea perfectly familiar to the mind and to the law, and it is in connection with that the notion of Causa Proxima is introduced. Of this I will venture to remark that one must be careful not to lay the accent upon the word' Proximate' in such sense as to lose sight of or destroy altogether the idea of cause itself. The true and overruling principle is to look at a contract as a whole and to ascertain what the parties to it really meant. What was it, which brought about the loss, the event, the climaty, the accident? And, this not an artificial sense, but in the real sense which party to a contract must have had in their minds when they spoke of cause at all. To treat proximate cause as the cause which is nearest in time is out of the question. Causes are spoken of as if they were as distinct from one another as beads in a row of link into the chain, but -if this metaphysical topic has to be referred to-it is not wholly so. The chain of causation is a handy expression, but the figure is inadequate. Causation is not a chain but a net. At each pint of influences, force, events, precedent and simulation, meet and the radiation from each point extends infinitely. At the point where these various influences meet it is for the judgment as upon a matter of fact to declare which of the cause thus joined at the point of effect was the proximate and which was the remote cause"

**Train of Event**

It is important to note that no single event cause a loss in isolation, something cause the loss making event to happen. In practical situation, it is difficult to identify the dominant cause of loss, frequently; it is fairly obvious what the initial event and the last event were. The difficulty arises in deciding if there is a direct chain of causation between them or where some new force has intervened to supersede the initial cause as the event bringing about ultimate loss. One way of coming to a decision is to start with the first event in the chain and ask oneself what is logically likely to happen next. If the answer leads one to the second event and this process is repeated until one reaches the final event, then the first event is the proximate cause of last. If, at some stage in the process, there is no obvious connection between one link in the chain and the next, then there is a break in the chain and something else must be the cause of loss.

Another method is to start at the loss and work backwards along the chain, asking oneself, at each stage, why did this happen? In an unbroken chain, one arrives back at the initial event. For example: Where a storm blows down the gable wall of timber building, the gable wall broke electrical wiring, broke wiring short circuited and sparked, the spark caused a fire in the timber building, the fire brigade was called, they used water houses to put out the fire and cool neighboring buildings, ultimately water caused damage to the unborn content of timber building and neighboring buildings. Here, anyone can see a direct line of causation between storm, collapse of gable, fire damage and water damage. Where an earthquake overturned into an oil stove, the split of oil caught fire from the burning wick, burning oil set the fire to the building the first building by radiated heat, set fire to as second building, sparks and burning embers blown in a breeze set fire to a third building, ultimately several building caught fire into same way. Court held that the fire in the last building is caused by earthquake[10]. Similarly where a lightening damaged a building and weaken a wall, shortly afterward, the wall fallen by high winds held lightening was the proximate cause[11].But in another case a fire damaged a wall and left it weakened ,and after several days a gale blew the wall down, held fire was not the proximate cause of wall falling down.[12] In the similar situation in the other case where a fire seriously damaged a building, a wall was in danger of collapsing into the building next door, for the safety reason local authority ordered demolition and during demolition wall fell on the neighboring premises ,once again ,the danger of collapse had not been removed held fire was the proximate cause of damage of neighboring building.[13]

**Rules Determining Proximate Cause**

The risk assured against must in fact operate: As discussed that proximate cause directly relates to the covered peril and cause of loss. Covered peril must have occurred likelyhood of the occurrence of an event will never consider as an event of loss. An abandonment of a voyage through the fear of capture is not the loss by

8 Lloyd Instrument v Northen Star Insuracne (1987) Lloyds's Report 32

9 (2004) 2 CPR 4 NC

10 Total Broadhurst Lee company v London and Lancashire fire Insurance (1908)

11 Roth v South Easthope Farmer's Mutual Insurance Co (1918)

12 Gaskarth v Law union Insurance

13 Johnson v West of Scotland building 1828

capture, or the danger of losing goods by seizure is not loss by seizure, or unloading of coal to avoid spontaneous combustion is not loss by fire. There must be the occurrence of event covered under the policy.

Once the risk operates damage to the subject matter due to the effort to check the progress of the casualty is covered: For the proximate cause of such damage in the risk insured against is the good example where cork was insured against fire, a fire broke out some distance away and to prevent is spreading, local authorities threw some of the cork in the sea, it was held that the loss of this cork was covered. on the ground that damage by water to save the consequences of fire and the destruction of property to prevent it spreading were both proximately caused by fire. The test is "It is a fear of something that will happen in the future or has the loss peril already happened and it is so imminent that it is the immediately necessary to avert the danger by action. It is only the latter case that the insurers are liable.

Noves Actus intervention: Where the human intervention occurring after the peril insured against, because the loss, that intervention and not the insured peril is the proximate cause. The fresh intervention must be something accidental, and not such act as acts of obedience to ones government.[14] Where after the occurrence of fire the assured losses the goods by theft, the loss by theft would not be caused proximately by fire. However, it is clearly desirable that the theft and other losses during removal of goods from a sense of a fire should be covered as otherwise the assured might be tempted to leave them to burn hence the insurer are not generally contested. On the other hand loss due to the assured failing in his implied duty under the policy to minimize it, is clearly referable to his own act or omission rather than to the peril insured against, and the insurer would not therefore be responsible for such losses[15]. The novas actus rule is possibly an instance of a wider rule that where a loss is bought about by a natural cause and a human agency latter cause dominate and is therefore proximate since man by his will dominates the world[16]

The Death Blow Case: The converse of novas actus intervention principles is that where a casualty due to human agency is followed by natural causes that contribute loss, the chain of causation is not broken. A torpedo gave a ship her death blows, though her final loss was due to a storm was held it was the torpedo which proximately caused her loss. In accident case, where an accident and a natural disease both contribute to the death of assured, it is decided in number of situation once there is an accident all its results are covered until Novus actus intervention break the chain of causation[17]. Where assured injured in an accident, fell into a water in a dazed condition, and thereupon died of shock, held that her death was proximately caused by accident. Similarly disablement due to the assured latent tuberculosis, which was brought by an accident, was caused by accident[18].Where the death due to the pneumonia, of which an accident and cold were the dual causes, held accident as proximate cause[19].Where a natural event has given rise to an accident court have invariably held the future purpose of an insurance policy .The accident is a Novas Actus intervention and assured is able to recover ,In fire cases ,similar analogies are applied by the court. Where a fire attacks the fabric of a building and causes of the roof or wall to fall in, the damage due the fall is proximately caused by fire[20].So also the damage written the building itself due to an explosion caused by fire will be proximately caused by fire; but the damage so caused to, was decided as to remote[21].A distinction is expressly drawn in the fire insurance cases between the spread of fire due to the natural causes, such as a shift in direction in wind, and intervention of a new and unexpected cause which means the fire as fresh fire and therefore breaks the chain of causation[22]

Burden of Proof: Burden of proof always lies on the assured to justify that the loss was proximately caused by a peril insured against.[23]To prove prima facie case the assured need not prove how the casualty occurred ,or what particular peril caused it ,however he need to prove that the cause fell within the peril insured against. Once the assured has produced a prima facie case the burden shifts to the insurer. If they wish to show that it was in fact a cause excepted by the policy which proximately caused the loss[24].

Conclusion

Causa proxima non remota spectator doctrine has legal amplification in any kind of investigation. As we discuss the very purpose of this doctrine to ascertain causation between covered peril and occurrence of perils at the time of claim. It is well defined as the active, efficient cause that sets in motion a train of event which brings about a result, without the intervention of any force started and working actively from a new and independent source. In a single event it is matter of common sense however in the series of event it is just matter of fact and has legal sense. This principle strictly regulates that the loss of insured property against paid premium to be compensated and the loss without being paid premium to be resisted. It also prohibits any kind of misuse of insurance including fraudulent claim.

14 Czarnikow v Java Sea Insurance
15 Tailor v Evfans (1921)38 TLR 230
16 Liverpool and London War Risk v Ocean SS co. (1948)AC 243
17 Smith v Cornhill Insurance (1938) AC 350

18 Fidelity and casualty of New York v Mitchell (1917)AC 592
19 Re Etherington (1909) 1 KB 591
20 Re Holly hill Rubber Co (1920) 1 KB 257
21 Everett v London Assurance (1865) 19 CB 126
22 Tootal v London and Lancashire Fire (1908) Welford ,fire ,3rd Ed 498-500
23 British Marine v Gaunt (1921) 2 AC 41
24 Grearse v Drysdale (1935) 53 LILR 169

# भुकम्पको पीडा

✍ भेषराज भट्ट *

२०७२ साल वैशाख १२ गते ।
शनिवारको दिन थियो धन्नै १२ बजे ॥
अकस्मात हल्लियो भुंई आवाज गरि ठुलो ।
डांडा कांडा सबै छोप्यो आंखाभरी धूलो ॥

के भो, के भो भन्दै सबै बल्ल वाहिर आए ।
सारा संसार रून थाले सबै ध्वस्त भए ॥
कोही खाँदै थिए घरमा कोही थिए नूहाउंदै ।
कोही बाहिर नांगै निस्के, बच्चा च्याप्दै रूवाउंदै ॥

भित्रै रूंदै थिए कोही बाहिर आवाज गर्दै ।
कोही बाहिर निस्के रूदै रूदै कोही भित्रै मर्दै ॥
कोहीका छोरा नाती छैनन् कोहीका श्रीमान ।
छोरी बुहारी छैनन् कोहीका सबका एउटै चिहान ॥

श्रीमती बाबा आमा कोहीका सबै सन्तान ।
कोहीका वंशै सिद्धे भन्दै गर्थे गनथन ॥
भुकम्पले छाड्या हैन सबै बारी तिर गए ।
उथल पूथल भयो सबै सारा संसार रोए ॥

खोज्न थाले बासको लागी त्रिपाल,र टिन ।
घर छाडेर जाने कहाँ कस्ता आए दिन ॥
गाउँ गाथिन श्रीमती, काखमा छोरा छोरी ।
खाने बेला भाथ्यो, भरखर पकाई तूल्याई वरी ॥

खानेकुरा सबै छाडी कूद्यौ खुल्ला ठाउंमा ।
फोन सम्पर्क कतै थैन कोहीका घर गांउमा ॥
केही बेरमै खबर आयो धरै मान्छे मरे ।
छोराछोरी रून थाले बाबा कंहा बस्ने भरे ॥

केहीदिन पछी थाहा भयो भूईंचालोमा कती परे ।
सबै ठांउको हिसाब गर्दा आठ नौ हजार मरे ॥
पराकम्पन पनि आइरह्यो बर्ष दिन सम्म ।
छण्ण पटक आयो चार रेक्टरको जम्मा ॥

साना तिना भूंईचालो त कति आए कती ।
गनि साध्य भनि साध्य छैन आए जति ॥
जन्म मेरो धादिङ्ग हो ढोला भट्ट गाउँ ।
थर पनि भट्टनै हो भेषराज हो मेरो नाउँ ॥

का.म.पा.को बालाजुमा घर बनाए मैले ।
वसोबास धादिङ्गनै हो ६० साल पहिले ॥
जेनतेन बांचिएकै थियो दु:ख जिर्लै गरि ।
मेरो पनि घर भत्कियो भूंईचालोमा परी ॥

१, २ महिना पालमै बसियो घरकै छेउछाउ निर ।
त्यसपछि त घर छोडेर गईयो कोठातिर ॥
जस्तो आइयो गाउँबाट अहिले उस्तै भईयो ।
डिप्रेसन भन्या केहो भन्थैं वल्ल थाहा पाइयो ॥

*बीमा समिति ।

# वीमा एक अजम्वरी वुटी

✍ मणि कुमार रिमाल *

हात खुट्टा चार
बडेमानको टाउँको
बग्दछ छालाभित्र रगत
हड्डी कहाँ छन्
मान्छे छाम्दा
नरम छाला श्वाँस भित्र
चम्किलो अनुहार बनाई
अनि त
यो मान्छे बाँच्दछ
र वीमा सम्म पुग्नु छ
र त वाँच्नुको
र त अन्तिम श्वास लिनुको
मजा पनि हुनेछ ।

होइन वाँच्नुमा गलत
जिउँनुको विचार,
कत्ति पनि होइन गलत
युगौं देखि यसरी
जसरी बावु वाँचे,
जसरी वाजे, वराजु वाँचे
सत्ते, त्रेता, द्धापर र कलीमा
खोइत बुझेको अहिले
जमना धनको जमाना,
पैसाको जमाना
सवैको मनोकामना
पुरा गर्ने विभिन्न विमा योजना
मान्छे, हामी पो मान्छे
मोटरको वीमा अनिवार्य
हा, हा
सरकारी निति
अनिवार्य जीवन वीमा
अनि अनिवार्य जोखिम वहन
अनिवार्य वचत व्याख्मा मात्र हैन
वीमामा पनि ल्याउँनु थियो कि
मान्छे नाङ्गो खुकुरीको धारमा
विना जीवन विमा अपनाउँदा
हत्तेरिका के पो वाँच्दथ्यो
वाँचेको वेला पनि
मरेपछि पनि
फेरी वाँच्न नसक्ने
वाँचुन्जेल वीमा अपनाउँन नसक्ने ।

ए ! मान्छे तँ पनि हेर
एउटा मोटरसाइकल
निर्धक्क गुडिरहेको
सोच एकपटक
सत्यता मोटरको
वीमा अनिवार्य हुन्छ
तँ त लङ्गडो भईस्
जतिखेर नी लर्वराउँने
किनकी तैले विमा गर्न सकिनस्
वीमा कम्पनी वुझ्न सकिनस्
आर्षित परिवार जान्न सकिनस् ।

त्यसैले, म भन्छु
केवल एक रहस्य
मान्छे हुनुको भईरहनुको
सुरक्षित वन्नु छ भने
कमाई जोगाउँनु पनि छ भने
वीमा अपनाए पुग्छ
कालले मार्ला तर,
वीमाले फेरी वचाउँछ,
आफन्तका मनहरूमा
अजम्वरी वुटी वनेर
वीमा छ, रहिरहेको
आधुनिक संसारमा ।

---

* नेशनल लाईफ इन्स्योरेन्स क. लि. (दैलेख शाखा)

# जान्नै पर्ने बुझ्नै पर्ने

✍ चक्र प्रसाद जोशी *

जीवन बिमा के हो भनी जान्नै पर्छ हामीले
किन गर्छौं भन्ने कुरा बुझ्नै पर्छ हामीले ॥
त्यही भएर जानी राखौ जीवन बीमा के हो भनि
त्यहि भएर गरि राखौ जीवन बीमा राम्रो भनि ॥
थोरै छ लगानी तर प्रतिफल छ धेरै राम्रो
अमूल्य छ बुझिराखौ परिवारमा जीवन हाम्रो ॥
थोरै पैसा तिर्दा पनि बढि जोखिम बहन हुन्छ
यदि बीमा नगरेमा त्यही क्षती गहन हुन्छ ॥
जीवन बिमा के हो भनी जान्नै पर्छ हामीले
किन गर्छौं भन्ने कुरा बुझ्नै पर्छ हामीले ॥
थोरै छ लगानी तर बचत हुन्छ बाध्य गरि
बुढेसकालको साथी बन्छ प्रतिफल छ साध्य सरि ॥
जब गर्छौं जीवन बीमा आफू बन्छौ हामी फुक्क
जिम्मेवारी बहन गर्छ कम्पनीले हाम्रो ढुक्क ॥
यदि बीमा नगरेरै दुर्घटना परर्यौ भने
परिवारको हुन्छ बिजोक अकालैमा मर्‍यौ भने ॥
यदि बीमा गरेपछि दुर्घटना पर्‍यौ भने
परिवारमा मलम लाग्छ अकालैमा मर्‍यौ भने ॥
जीवन बिमा के हो भनी जान्नै पर्छ हामीले
किन गर्छौं भन्ने कुरा बुझ्नै पर्छ हामीले ॥
तल्लो घरको साइलाले नि जीवन बीमा गर्‍यो अरे
जीवन बीमा गरेपछि २ वर्ष मै मर्‍यो अरे ॥
कागजपत्र पुरा गरि कम्पनीमा पेश भएछ
बालबालिका पढाउन लाई साह्रै राम्रो बेश भएछ ॥
झन्झट हुन्न आफ्नो पैसा पूर्णावधि लिदां खेरि
समय मा बचत गरे बुढेसकालमा आउंछ फेरि ॥
सबैको कल्याण नै हुन्छ जीवन बीमा गर्दा
जोखिमको हस्तान्तरण हुन्छ दुर्घटना पर्दा ॥
जीवन बिमा के हो भनी जान्नै पर्छ हामीले
किन गर्छौं भन्ने कुरा बुझ्नै पर्छ हामीले ॥
अमुल्य छ मानब चोला सबले चिनी राखौं
जीवन बीमा गरि सबै जोखिम किनी राखौं ॥
अमुल्य छ जीवन हाम्रो सबले चिनी राखौं
बीमालेख छन् राम्रा राम्रा सबले किनी राखौ ॥
आफू जिउंदो नभएनी परिवारको चिन्ता हुन्छ
जीवन बीमा गर्‍या भए घाउमा थोरै मलम छुन्छ ॥
चिन्ता हुन्न परिवारको आफू मरेपनि
ढुक्क हुन्छ परिवारलाई दाबी पाउंछ भनि ॥
गाउं गाउंमा चेतना जगाई जीवन बीमा बारे
गाउंघरमा खुशी छाउछ जोखिम बीमा सारे ॥
जीवन बिमा के हो भनी जान्नै पर्छ हामीले
किन गर्छौं भन्ने कुरा बुझ्नै पर्छ हामीले ॥
बेरोजगारी युवालाई जोखिमको पाठ सिकाउं
अभिकर्ता बनाएर बीमालेखलाई बिकाउं ॥
बीमा गर्दा परिवारको भलाई हुन्छ साथी
उत्कृष्ट छ जीवन बीमा सबैभन्दा माथि ॥
थोरै थोरै लगानी छ उचित छ प्रतिफल
हिउदे नदि हुन्छ बीमा हुदैन बर्खे भल ॥
बीमालेख छन् कम्पनीमा भिन्नाभिन्नै खालका
किनी राखौ छनौट गरि आफू सुहाउने खालका ॥
जीवन बिमा के हो भनी जान्नै पर्छ हामीले
किन गर्छौं भन्ने कुरा बुझ्नै पर्छ हामीले ॥
माइला दाईले आफू सुहाउने बीमा गर्नु भाको
दुई वर्षमै दुर्घटना परि मर्नु भाको ॥
कागजात सबै पूरा गरि कम्पनीमा गाको
दोहोरो लाभ अन्तर्गतको दोब्बर रकम पाको ॥
छोरी जान्छे स्कुलमा बुढी गर्छिन् ब्यापार
पाको रकम दोब्बर बाट अहिले भाछ अपार ॥
जीवन बिमा के हो भनी जान्नै पर्छ हामीले
किन गर्छौं भन्ने कुरा बुझ्नै पर्छ हामीले ॥

* नेशनल लाईफ इन्स्योरेन्स क. लि. (हेटौंडा शाखा)

# बीमा अभिकर्ताको आचार संहिता

**१. बीमा अभिकर्ताले पालना गर्नुपर्ने कुराहरुः-**

१.१. बीमा अभिकर्ताले बीमा समितिबाट प्राप्त बीमाको किसिम समेत खुलेको बीमा अभिकर्ताको इजाजत पत्र सधै साथमा राख्नु पर्नेछ र ग्राहकले चाहेमा त्यस्तो इजाजतपत्र देखाउनु पर्नेछ ।

१.२. बीमा अभिकर्ताले ग्राहकलाई आफू अभिकर्ता भएको बीमक बारेको यथार्थ विवरण (पूँजीगत संरचना, लगानी नीति, आर्थिक स्थिति आदी) मात्र जानकारी गराउनु पर्नेछ ।

१.३. बीमा अभिकर्ताले ग्राहकलाई प्रस्ताव फाराममा खुलाउनु पर्ने सम्पूर्ण विवरणहरू खुलाउन लगाई त्यससंग सम्बन्धित कागजात ग्राहकबाट लिइ बीमक समक्ष पेश गर्नु पर्नेछ ।

१.४. बीमा अभिकर्ताले ग्राहकलाई बीमालेखमा उल्लेखित सम्पुर्ण शर्त एवं सुविधा बारे पूर्ण जानकारी गराउनुपर्नेछ ।

१.५. बीमा अभिकर्ताले ग्रहकको पेशा, सामाजिक हैसियत र स्तर बारे बीमकलाई छुट्टै जानकारी दिनुपर्नेछ ।

१.६. बीमा अभिकर्ताले आवश्यकतानुसार बीमकलाई अण्डरराइटिङ्ग कार्यका लागि आवश्यक पर्ने थप विवरण उपलब्ध गराउनुपर्नेछ ।

१.७. बीमा अभिकर्ताले बीमितले अनुरोध गरेमा निर्दिष्ट समयमा बीमा शुल्क बुझाउने, बीमालेख नवीकरण गर्ने, इच्छाइएको व्यक्ति परिवर्तन/चयन गर्ने, बीमालेख बापत ऋण लिने, दावी गर्ने वा आवश्यक अन्य बीमा सम्बन्धीसेवा पुऱ्याउन सहयोग गर्नु पर्नेछ

१.८. बीमा अभिकर्ताले ग्राहकलाई बीमाको प्रस्ताव स्वीकृति बारे बीमकको निर्णय अविलम्ब जानकारी गराउनु पर्नेछ

१.९. ग्राहकले बीमा अभिकर्ता मार्फत बीमाशुल्क रकम बुझाएमा अविलम्ब त्यस्तो रकम बुझेको आधिकारिक भर्पाइ वा रसिद बीमा अभिकर्ताले ग्राहकलाई दिनुपर्नेछ र त्यस्तो बीमाशुल्क काबु बाहिरको अवस्थामा बाहेक संभव भएसम्म सोही दिन र संभव नभए भोलिपल्ट सम्म सम्बन्धित बीमकलाई दाखिला गर्नुपर्नेछ ।

१.१०. बीमा प्रस्ताव फाराम, स्वास्थ्य सम्बन्धी विवरण फाराम आदि प्रस्तावकले भर्नुपर्ने फारामहरू प्रस्तावकहरू स्वयंबाटै भराउनु पर्नेछ प्रस्तावक निरक्षर वा असमर्थ भए प्रस्तावकले विश्वास गरेको व्यक्तिबाट त्यस्ता फारामहरू भराउनु पर्नेछ ।

**२. बीमा अभिकर्ताले गर्न नहुने कुराहरु :-**

२.१. बीमा अभिकर्ताको इजाजत पत्र नवीकरण नगरी बीमा बस्तु बिक्रि गर्न ।

२.२. बीमा अभिकर्ताले ग्राहक बारे आफूले थाहा पाएको कुनै पनि बीमासंग सम्बन्धित आवश्यक विवरणहरू सम्बन्धित बीमकलाई नबताई लुकाउन हुन ।

२.३. बीमा अभिकर्ताले ग्राहक बारेको आफुलाई जानकारी भएको विवरणहरू सम्बन्धित बीमक बाहेकका व्यक्ति/संस्था सामु प्रकट गर्न ।

२.४. बीमा अभिकर्ताले ग्राहक प्रति दुर्व्यवहार गर्न ।

२.५. बीमा अभिकर्ताले ग्राहकलाई अनावश्यक करकाप गर्न ।

२.६. ग्राहकलाई प्रलोभनमा पार्न आफूले प्राप्त गर्ने कमिशनको कुनै पनि अंश दिन वा दिन्छु भनी कबोल गर्न ।

२.७. बीमा अभिकर्ताले अस्वस्थ प्रतिस्पर्धा गरी अन्य बीमा अभिकर्ताको व्यवसायमा अनावश्यक दखल पुऱ्याउन ।

२.८. बीमा अभिकर्ताले बीमालेख बापत प्राप्त हुने रकमको कुनै पनि अंश बीमित वा बीमितको हकवालाबाट लिन ।

२.९. बीमा अभिकर्ताले निर्धारित बीमादर उलंघन गरी व्यवसाय हात पार्ने कार्य गर्न ।

२.१०. नियम बमोजिम अभिकर्ताको रूपमा दर्ता कायम नहुने अवस्थामा अभिकर्ताको रूपमा कार्य गर्न ।

२.११. बीमा अभिकर्ताले (संस्थाको भए सो को संचालक) ले कुनै पनि बीमकको तलबी कर्मचारी भै काम गर्न ।

२.१२. कुनै बीमकको बीमा अभिकर्ता भै कार्यरत व्यक्ति वा संस्था वा सो संस्थाका संचालक वा निजको नजिकको नातेदारले कुनै पनि बीमकको संस्थापक वा संचालक हुन वा कुनै पनि बीमकको १० प्रतिशत वा सो भन्दा बढी शेयर लिन

स्पष्टीकरणः- यस व्यवस्थाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले सम्बन्धित व्यक्तिको पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, दाजु, भाई, भाउजू, बुहारी, दिदि, बहिनी, काका, काकी, सासू, ससुरा, ज्वाई, भिनाजू, साला, साली, भतिजा, भतिजी, मामा, माइजू, भान्जा, भान्जी सम्झनु पर्छ ।

२.१३. बीमा अभिकर्ताले आफू अभिकर्ता नभएको कुनै पनि बीमकको बारेमा गलत प्रचार प्रसार गर्न ।

२.१४. बीमा अभिकर्ताले बीमा प्रस्ताव स्वीकृत नभए सम्म बीमाशुल्क वापतको रकम बुझिलिन ।

२.१५. बीमा अभिकर्ताले आफ्नो पेशागत व्यवसाय संचालन गर्दा अन्य प्रचलित कानून उल्लघंन गरी व्यवसाय गर्न ।

**३. दण्ड सजाय :-**

यस आचार संहिताको उल्लंघन गरेमा वा गर्नु पर्ने कुनै काम नगरेमा वा नगर्नुपर्ने कुनै काम गरेमा बीमा अभिकर्तालाई बीमा ऐन, २०४९ बमोजिम कारवाही तथा दण्ड सजाय हुनेछ ।

बीमा नियमावली, २०४९ को नियम २९क. को उपनियम (२) बमोजिम बीमा समितिले बीमा सर्भेयरले पालना गर्नु पर्ने देहाय वमोजिमको आचार संहिता तोकिदिएको छ ।

# सर्भेयरको आचार संहिता

**१. सर्भेयरले पालना गर्नुपर्ने कुराहरु : -**

१.१ सर्भेयरले बीमा समितिबाट प्राप्त परिचय पत्र सधै साथमा राख्नु पर्नेछ र आवश्यकतानुसार त्यस्तो परिचय पत्र सम्बन्धित व्यक्ति तथा निकायलाई देखाउनु पर्नेछ ।

१.२ सर्भेयरको संगठित संस्था भए त्यस्तो संस्थाबाट सर्भेयरको रूपमा कार्य गर्ने प्रत्येक व्यक्तिको हकमा सो व्यक्तिले समितिबाट सर्भेयरको इजाजत पत्र पाएको हुनु पर्नेछ ।

१.३ सर्भेयरले नियम २९क को उपनियम (१) वमोजिम समितिले तोकिदिएको सीमा भित्र रही कार्य गर्नु पर्नेछ ।

१.४ सर्भेयरले पेशासंग सम्बन्धित सूचना तथा प्रविधिको पूर्ण ज्ञान हासिल गरेको हुनु पर्नेछ ।

१.५ सर्भेयरले आफ्नो पेशागत नैतिकता तथा इमान्दारिता कायम गरी कार्य गर्नु पर्नेछ ।

१.६ सर्भेयरले व्यावसायिक तथा प्राविधिक शिपको प्रयोग गरी क्षतिको मूल्याङ्कन गर्नु पर्नेछ ।

१.७ सर्भेयरले बीमा ऐन, २०४९ तथा सो अन्तर्गतको नियमावली तथा आदेश, निर्देशनको अधिनमा रही कार्य गर्नु पर्नेछ ।

१.८ सर्भेयरले आफू सर्भे गर्न नियुक्त भएको जानकारी सम्बन्धित पक्षलाई दिनु पर्नेछ ।

१.९ सर्भेयरले बीमितलाई क्षति कम गर्ने उपाय र तरिकाको सम्भव भएसम्म जानकारी दिनु पर्नेछ ।

१.१० सर्भेयरले सर्भेको सिलसिलामा कुनै विवाद उत्पन्न भएमा तत्कालै सम्बन्धित सबै पक्षलाई जानकारी दिनु पर्नेछ ।

१.११ सर्भेयरले घटना र वस्तुस्थिति बारे सत्य तथ्यमा आधारित मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

१.१२ सर्भेयरले क्षति मूल्याङ्कनको सिलसिलामा आवश्यकतानुसार सम्बन्धित बीमकलाई मान्य हुने पेशागत विशेषज्ञको राय लिनु सक्नेछ ।

१.१३ बीमा नियमावली, २०४९ को नियम ३२ को उपनियम (३) बमोजिम बीमा सर्भेयरले बीमकको दायित्वको निर्धारण गरी त्यसको विस्तृत विवरण समेतको प्रतिवेदन बीमक समक्ष पेश गरी सोको सामान्य जानकारी बीमा समितिलाई दिनु पर्नेछ ।

१.१४ सर्भेयरले सर्भे प्रतिवेदन बीमक समक्ष पेश गर्दा सो प्रतिवेदनको सारांश बीमितलाई दिनु पर्नेछ ।

१.१५ सर्भेयरले क्षतिसंग सम्बन्धित सम्पूर्ण आवश्यक विवरणहरू खुलाउन लगाई त्यससंग सम्बन्धित कागजात बीमितबाट लिइ प्रतिवेदनका साथ बीमक समक्ष पेश गर्नु पर्नेछ ।

१.१६ सर्भेयरले बीमकलाई दायित्व निर्धारण गर्ने कार्यका लागि आवश्यक पर्ने सर्भेयरसंग उपलब्ध थप विवरण बीमकले माग गरेमा सर्भेयरले पेश गर्नु पर्नेछ ।

१.१७ सर्भेयरले आफूले गरेको कामको लगत अद्यावधिक राख्नु पर्नेछ ।

१.१८ सर्भेयरले सर्भे कार्य सम्बन्धी विवरण बीमा समितिले तोकेको ढांचामा तयार पारी प्रत्येक नविकरणका बखत समितिमा पेश गर्नु पर्नेछ ।

१.१९ सर्भेयरले बीमक समक्ष पेश गरेको प्रतिवेदन, सम्बन्धित कागजातहरू तथा तस्वीरहरूका प्रतिलिपी सामान्यतः एक वर्षसम्म सुरक्षितसाथ राख्नुका साथै बीमा समिति, सम्बन्धित बीमक तथा कानून बमोजिम पेश गर्नु पर्ने निकायले मागेको बखत उपलब्ध गराउनु पर्नेछ । विवादास्पद दावीको हकमा विवादको अन्तिम टुंगो नलागेसम्म उल्लिखित कागजात सुरक्षित राख्नु पर्नेछ ।

**२. सर्भेयरले गर्न नहुने कुराहरु :-**

२.१. सर्भेयरको इजाजत पत्र नलिई वा नवीकरण नगरी सर्भेयरको रूपमा कार्य गर्न ।

२.२. सर्भेयरले दावीसंग सम्बन्धित आफूले थाहा पाएको आवश्यक विवरणहरू सम्बन्धित बीमकलाई नबताई लुकाउन ।

२.३. सर्भेयरले बीमित बारेको आफुलाई जानकारी भएको विवरणहरू सम्बन्धित बीमक तथा कानून बमोजिम पेश गर्नु पर्ने निकाय, व्यक्ति वा संस्था बाहेक अन्य व्यक्ति वा संस्था सामु प्रकट गर्न ।

२.४. सर्भेयरले बीमित वा निजको प्रतिनिधि वा अन्य

सम्बन्धित प्रति दुर्व्यवहार गर्न ।

२.५. सर्भेयरले बीमितलाई अनावश्यक करकाप गर्न ।

२.६. सर्भेयरले अस्वस्थ प्रतिस्पर्धा गरी अन्य सर्भेयरको व्यवसायमा अनावश्यक दखल पुऱ्याउन ।

२.८. सर्भेयरले दावी बापत प्राप्त हुने रकमको कुनै पनि अंश बीमित वा बीमितको हकवालाबाट लिन वा अन्य लाभ प्राप्त गर्न ।

२.९. नियम बमोजिम सर्भेयरको रूपमा दर्ता कायम नहुने अवस्थामा सर्भेयरको रूपमा कार्य गर्न ।

२.११. सर्भेयर (संस्था भए सो को संचालक) ले कुनै पनि बीमकको संस्थापक, संचालक वा तलबी कर्मचारी भै काम गर्न वा कुनैपनि बीमकको १० प्रतिशत वा सो भन्दा बढी शेयर लिन ।

२.१२. सर्भेयर भै कार्यरत व्यक्ति (संस्था भए सो संस्थाका संचालक) को नजिकको नातेदार कुनै पनि बीमकको संस्थापक वा संचालक भएको वा कुनैपनि बीमकको १० प्रतिशत वा सो भन्दा बढी शेयर लिएको भए त्यस्तो बीमकसंग सम्बन्धित क्षतिको सर्भे गर्न ।

स्पष्टीकरण :- यस व्यवस्थाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले सम्बन्धित व्यक्तिको पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, दाजु, भाई, भाउजू, बुहारी, दिदी, बहिनी, काका, काकी, सासू, ससुरा, ज्वाई, भिनाजू, साला, साली, भतिजा, भतिजी, मामा, माइजू, भान्जा, भान्जी सम्झनु पर्छ ।

२.१३ सर्भेयरले बीमा अभिकर्ता भई काम गर्न ।

२.१४ सर्भेयरले कुनै पनि बीमकको बारेमा गलत प्रचार प्रसार गर्न ।

२.१५ सर्भेयरले आ"नो पेशागत कार्य गर्दा प्रचलित कानून उल्लघंन गर्न ।

**३. दण्ड सजाय** :-

यस आचार संहिताको उल्लंघन गरेमा वा गर्नु पर्ने कुनै काम नगरेमा वा नगर्नुपर्ने कुनै काम गरेमा सर्भेयरलाई बीमा ऐन, २०४९ बमोजिम कारवाही तथा दण्ड सजाय हुनेछ ।

**४**. यो आचार संहितालाई आवश्यकतानुसार परिमार्जन गर्न सकिनेछ ।

**५**. यो आचार संहिता २०६० साल मंसिर १ गतेदेखि लागू हुनेछ ।

निर्जीवन बीमा व्यवसाय अन्तर्गत बीमा गरिएको सम्पत्तिको हानी-नोक्सानी भएमा त्यसको मुल्याङ्कन गर्ने आधिकारिक व्यक्ति/संस्था भनेको सर्भेयर हो । त्यसैले सर्भेकार्य गर्न आउने व्यक्ति बीमा समितिबाट इजाजत पत्र प्राप्त व्यक्ति हो/होइन परिचय पत्र हेरी यकिन गरेर मात्र क्षति भएको सम्पत्तिको मुल्याङ्कन गराऔं ।

## समितिबाट इजाजत पत्र लिई सञ्चालनमा रहेका बीमा कम्पनीहरूको विवरण

| क्र.सं. | बीमकको नाम | प्रकार | ठेगाना | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|---|
| १ | श्री राष्ट्रिय बीमा संस्थान | जीवन | रामशाहपथ | ४२६२५२० | beema@wlink.com.np |
| २ | श्री नेशनल लाईफ ईन्स्यारेन्स कं.लि | जीवन | लाजिम्पाट | ४४१४७९९ | nlgilife@mail.com.np |
| ३ | श्री नेपाल लाइफ इन्स्योरेन्स कं. लि. | जीवन | कमलादी | ४१६९०८२ | info@nepallife.com.np |
| ४ | श्री लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | जीवन | नक्साल | ४४४३६१६ | liccorporate@licnepal.com |
| ५ | श्री मेट लाइफ एलिको | जीवन | पूल्चोक | ५५५५१६६ | service-nepal@metlife.com.np |
| ६ | श्री एशियन लाइफ इन्स्योरेन्स कं. लि. | जीवन | मैतिदेवी | ४४१०११५ | asianlife@asianlife.com.np |
| ७ | श्री सूर्या लाइफ इन्स्योरेन्स कं. लि. | जीवन | सानोगौचरन | ४४२३७४३ | info@suryalife.com |
| ८ | श्री गुराँस लाइफ इन्स्योरेन्स कं. लि. | जीवन | तीनकुने | ५१९९३१० | info@guranslife.com |
| ९ | श्री प्राइम लाइफ इन्स्योरेन्स कं. लि. | जीवन | हात्तिसार | ४४४१४१४ | info@primelifenepal.com |
| १० | श्री आइएमई लाइफ इन्स्योरेन्स कं.लि. | जीवन | लैनचौर | ४०२४०७५ | info@imelifeinsurance.com |
| ११ | श्री यूनियन लाइफ इन्स्योरेन्स कं.लि. | जीवन | नयाँ बानेश्वर | ४७८४७५८ | info@unionlife.com.np |
| १२ | श्री ज्योति लाइफ इन्स्योरेन्स कं.लि. | जीवन | ज्ञानेश्वर | ४४४५९४१ | info@jyotilife.com |
| १३ | श्री सन नेपाल लाइफ इन्स्योरेन्स कं.लि. | जीवन | कमलादी | ४४३६१२६ | info@snlic.com.np |
| १४ | श्री रिलायन्स लाइफ इन्स्योरेन्स कं.लि. | जीवन | नयाँ बानेश्वर | ४७८७२२४ | info@relifeinsurance.com |
| १५ | श्री रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कं.लि. | जीवन | ज्ञानेश्वर | ४४२३६१८ | info@reliablelife.com.np |
| १६ | श्री सिटिजन लाइफ इन्स्योरेन्स कं.लि. | जीवन | थापाथली | ४१०१७४४ | info@citizenlifenepal.com |
| १७ | श्री सानिमा लाइफ इन्स्योरेन्स लि. | जीवन | कमलादी | ४४३८८८६ | sanimalife@gmail.com |
| १८ | श्री प्रभु लाइफ इन्स्योरेन्स कं.लि. | जीवन | कमलादी | ४२२६५६८ | info@prabhulife.com |
| १९ | श्री नेपाल ईन्स्यारेन्स कं.लि. | निर्जीवन | कमलादी | ४२२१३५३ | nic@nepalinsurance.com.np |
| २० | श्री दि ओरियण्टल ईन्स्यारेन्स कं.लि. | निर्जीवन | डिल्लिबजार | ४४१६४३९ | countryoffice@orientalinsurance.com.np |
| २१ | श्री नेशनल ईन्स्यारेन्स कं.लि | निर्जीवन | त्रिपुरेश्वर | ४२५०७१० | info@nicnepal.com |
| २२ | श्री हिमालयन जनरल ईन्स्यारेन्स कं.लि | निर्जीवन | बबरमहल | ४२३१७८८ | ktm@hgi.com.np |
| २३ | श्री यूनाईटेड ईन्स्यारेन्स कं.लि | निर्जीवन | थापाथली | ५१११११११ | uic@mail.com.np |
| २४ | श्री प्रिमियर ईन्स्यारेन्स कं. (नेपाल) लि. | निर्जीवन | नक्साल | ४४१३५४३ | premier@picl.com.np |
| २५ | श्री एभरेष्ट इन्स्योरेन्स कं. लि. | निर्जीवन | हात्तिसार | ४४४४७१७ | info@eic.com.np |
| २६ | श्री नेको इन्स्योरेन्स लि. | निर्जीवन | अनामनगर | ४७७०१२७ | info@necoinsurance.com.np |
| २७ | श्री सगरमाथा इन्स्योरेन्स कं. लि. | निर्जीवन | भगवतीबहाल | ४४१२३६७ | info@sagarmathainsurance.com.np |
| २८ | श्री प्रभु इन्स्योरेन्स लि. | निर्जीवन | तीनकुने | ५१९९२२० | info@prabhuinsurance.com |
| २९ | श्री आइएमई जनरल इन्सुरेन्स लिमिटेड | निर्जीवन | नक्साल | ४४११५१० | info@iginepal.com |
| ३० | श्री प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | निर्जीवन | कमलादी | ४२१२९४० | prudential@wlink.com.np |
| ३१ | श्री शिखर इन्स्योरेन्स कं. लि. | निर्जीवन | थापाथली | ४२४६१०१ | shikharins@mos.com.np |
| ३२ | श्री लुम्बिनी इन्स्योरेन्स कं. लि. | निर्जीवन | ज्ञानेश्वर | ४४११७०७ | info@lgic.com.np |
| ३३ | श्री एनएलजी इन्स्योरेन्स कं. लि. | निर्जीवन | लाजिम्पाट | ४४४२६४६ | info@nlgi.com.np |
| ३४ | श्री सिद्धार्थ इन्स्योरेन्स कं. लि. | निर्जीवन | बबरमहल | ४२५७७६६ | info@siddhartha.com |
| ३५ | श्री राष्ट्रिय बीमा कं. लि. | निर्जीवन | रामशाहपथ | ४२५८७२१ | info@rbcl.com.np |
| ३६ | श्री जनरल इन्स्योरेन्स कं. नेपाल लि., | निर्जीवन | हात्तीसार | ४४४३५४४ | - |
| ३७ | श्री अजोड इन्स्योरेन्स कं. लि., | निर्जीवन | सुन्धारा | ४२४३७६८ | - |
| ३८ | श्री सानिमा जनरल इन्स्योरेन्स कं. लि., | निर्जीवन | कमलादी | ४४२७१७० | - |
| ३९ | श्री नेपाल पूनर्बीमा कं. लि. | पुनर्वीमा | थापाथली | ४२१८४५८ | nepalre@ntc.net.np |

# फोटो ग्यालरी




Nepal Eye Donation Society


बीमा समिति ५०औं स्वर्ण महोत्सव
को अवसरमा आयोजित


बीमा समिति ५०औं स्वर्ण महोत्सव
को अवसरमा आयोजित
आँखा तथा रक्तदान कार्यक्रम
मिति: २०७५-०१-२८
आयोजक:
बीमा समिति कर्मचारी युनियन
कोपुण्डोल-१०, ललितपुर
BSEU


बीमा समिति ५०औं स्वर्ण महोत्सव
को अवसरमा आयोजित


वनभोज कार्यक्रम

# बीमा गर्दा ध्यान दिनुपर्ने विषयहरू:

(१) प्रस्ताव फाराममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरु स्पष्टसँग खुलाई भर्ने ।

(२) बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवं सुविधाबारे जानकारी लिएर मात्र बीमा गर्ने ।

(३) बीमितले आफ्नो पेशा, व्यवसाय एवं आर्थिक स्तर समेतलाई मध्यनजर गरी बीमालेख खरिद गर्ने ।

(४) बीमालेख बीमा शुल्क बुझाउने, बीमालेख नवीकरण गर्ने समय, इच्छाएका व्यक्तिको नाम, बीमालेख वापत रकम पाउने/ नपाउने जस्ता विषयमा बीमालेख खरिद गर्नु अगाडि नै बुझ्नुपर्दछ ।

(५) बीमितले बीमा शूल्क बुझाएपछि यसको आधिकारिक भर्पाइ वा रसिद लिनुपर्दछ ।

(६) बीमा सम्बन्धी प्रस्ताव फाराम बीमित स्वंमले भर्नुपर्नेछ बीमित निरक्षर वा प्रस्ताव फाराम भर्न नसक्ने भएमा निजले तोकेको व्यक्तिले प्रस्ताव फाराम भर्नुपर्नेछ ।

(७) बीमितले आफूले बीमा गर्न लागेको बीमा कम्पनीको बारेमा राम्रोसँग बुझेर मात्र बीमा गर्नुपर्दछ ।

**बीमा समिति**

कुपण्डोल-१०, ललितपुर

फोन नं.: ५५२१०७९, ५५३८७४३, फ्याक्स नं. ५५२०११९

टोल फ्रि नं. १६६०-०१-५६७८९